का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ पुस २०८०,
बिहीबार
21 December 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३१६ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

*राजतन्त्रको पक्षमा सडकमा नगए दुर्गा प्रसाईंले राजतन्त्र पक्षधर जमातको नेतृत्व गर्ने त्रासमा छन् लिङ्देन । सडकमा जाँदा प्रदेशको पक्षमा रहन उनको नीतिले दिएको छैन । बागमतीमा लिइरहेको सभामुख पद छाड्ने र कोशी प्रदेशमा मुखैमा आएको सभामुख नलिने उदारता पनि राप्रपाले देखाउन सकिरहेको छैन ।*

# धर्मसंकटमा लिङ्देन



"पुस १ देखि ३ गतेसम्म काठमाडौंमा बसेको केन्द्रीय समिति बैठकबाट हिन्दु राष्ट्र पुन:स्थापना र प्रदेश खारेजीका लागि आन्दोलनमा जाने निर्णय गरेको हो । राप्रपाले आन्दोलनको लागि पुस र माघमा देशैभर तयारीको काम गर्ने समेत निर्णय गरेको छ ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, ४ पुस ।

बुधबार राष्ट्रिय प्रजात्न्त्र पार्टी (राप्रपा)का दुई वटा निर्णय सार्वजनिक भए । पहिलो : निर्णायक आन्दोलन भनेर सडक संघर्षमा जाने । दोस्रो : कोशी प्रदेशमा सभामुखमा उम्मेदवार उठाउने ।

सडक संघर्षका कार्यक्रम घोषणा गर्दै राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले प्रदेश खारेजको माग उठाउने घोषणा गरे । बुधबार नै आन्दोलन घोषणा गरेको राप्रपाले कोशी प्रदेशमा अम्बरबहादुर विष्टलाई सभामुख बनाउने गरी गृहकार्य अगाडि बढाउने निर्णय गरेको छ ।

राप्रपाले यही पुस १ देखि ३ गतेसम्म काठमाडौंमा बसेको केन्द्रीय समिति बैठकबाट हिन्दु राष्ट्र पुन:स्थापना र प्रदेश खारेजीका लागि आन्दोलनमा जाने निर्णय गरेको हो । राप्रपाले आन्दोलनको लागि पुस र माघमा देशैभर तयारीको काम गर्ने समेत निर्णय गरेको छ ।

राप्रपाले आन्दोलनका लागि अध्यक्ष लिङ्देनको अध्यक्षतामा केन्द्रीय आन्दोलन मूल समिति गठन गरेको छ । समितिमा केन्द्रीय कार्यसमितिका सबै पदाधिकारी, केन्द्रीय सदस्यहरु र आमन्त्रित केन्द्रीय सदस्यहरु रहनेछन् । संगठन विभाग प्रमुखसमेत रहेका महामन्त्री धवलशमशेर राणाको संयोजकत्वमा आन्दोलन परिचालन समिति गठन गरिएको छ ।

राप्रपाले प्रदेश खारेजीका लागि आन्दोलन गर्ने घोषणा गरे पनि बागमती प्रदेशमा उसले यसअघि नै सभामुख लिइसकेको छ । २०७९ पुस २९ गतेदेखि बागमतीको सभामुखमा राप्रपाका भुवन पाठक छन् ।

राजनीतिमा नाटकीय परिवर्तन नभए राप्रपाले अब कोशी प्रदेशमा सभामुख पाउनेछ । ९३ सदस्यीय रहेको कोशी प्रदेशसभामा बहुमतका लागि ४७ मत आवश्यक छ । वर्तमान सत्ता गठबन्धनसँग ४७ सांसद छन् । यस अंकगणितको खेलसँगै कोशीमा राप्रपाले यसअघि पनि सरकारमा भाग लिँदै बाहिरिँदै गर्दै आइरहेको छ ।

राप्रपाले प्रदेश खारेजका लागि आन्दोलन गर्ने घोषणा गरे पनि बागमती प्रदेशमा यसअघि नै सभामुख लिसकेको छ । २०७९ पुस २९ गतेदेखि बागमती प्रदेशको सभामुखमा भुवन पाठक छन् ।

एक अर्कोसँग बिलकुल मेल नखाने निर्णय गर्दै अगाडि बढेका लिङ्देन दवाव, प्रभाव र त्रासमा देखिन्छन् । परस्पर विरोधी निर्णय लिनु उनको बाध्यता भएको राप्रपाकै नेताहरु स्वीकार गर्छन ।

राजतन्त्रको पक्षमा सडकमा नगए दुर्गा प्रसाईंले राजतन्त्र पक्षधर जमातको नेतृत्व गर्ने त्रासमा छन् लिङ्देन । सडकमा जाँदा प्रदेशको पक्षमा रहन उनको नीतिले दिएको छैन । बागमतीमा लिइरहेको सभामुख पद छाड्ने र कोशी प्रदेशमा पृष्ठ २ मा

सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सक्रियता बढाउँदै अख्तियार
## सरकारलाई ९४ बुँदे निर्देशन

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ पुस ।

अख्यितार दुरुपयोग अनुसन्धान आयोगले सरकारी सेवा भ्रष्टाचारमुक्त र पारदर्शीयुक्त बनाउन सरकारलाई ९४ निर्देशनात्मक सुझाव दिएको छ। गत कार्तिक र मंसिरमा सरकारका सचिव तथा विभागीय प्रमुखहरूसँग गरेको अन्तरक्रियापछि दिइएका दिइएका सुझावहरुबारे बुधबार प्रेस विज्ञप्तिमार्फत अख्तियारले सार्वजनिक गरेको हो ।

अख्तियारले दैनिक प्रशासनिक कामहरुलाई समेत नीतिगत भनि मन्त्रिपरिषद्बाट निर्णय गराउने प्रवृत्ति बढेको भन्दै त्यसलाई रोक्न निर्देशन दिएको छ । 'तीनै तहका सरकारबाट दैनिक तथा प्रशासनिक कार्यहरूलाई समेत नीतिगत भनी कानुनबमोजिम मन्त्रालय, विभाग, सचिवालयस्तरबाटै निर्णय हुनुपर्ने विषयसमेत मन्त्रिपरिषद्, परिषद् वा सभाबाट निर्णय गराउने कार्य तत्काल बन्द गर्ने,' अख्तियारले दिएको सुझावमा भनिएको छ, 'कानुनले जुन निकाय वा पदाधिकारीबाट निर्णय हुनुपर्ने व्यवस्था गरेको छ सोही निकाय वा पदाधिकारीबाट नै निर्णय हुने व्यवस्था मिलाउने ।'

त्यस्तै 'प्रत्येक महिना विभागीय मन्त्री र सचिवले मातहतका निकायबाट भएका कामकारबाहीको समीक्षा गरी कार्यसम्पादनमा सुधार गर्ने र लापरबाही गर्ने पदाधिकारी/कर्मचारीलाई समयमै सचेत गराउन' तथा 'यो व्यवस्थाको पालना नभएमा हुने सरकारी हानि नोक्सानीउपर सम्बन्धीत अधिकारीलाई जिम्मेवार र जवाफदेही' बनाउन समेत अख्तियारले सरकारलाई निर्देशन दिएको छ ।

अख्तियारले 'तीन तहका सरकारबिचको काम, कर्तव्य र अधिकारमा देखिएको अस्पष्टता र दोहोरोपना हटाउन अन्तरनिकाय समन्वयसमेत हुने गरी कार्यविभाजनलाई स्पष्ट बनाउन' समेत निर्देशन दिएको छ ।

सार्वजनिक खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीले गरेका व्यवस्थाको पूर्ण पालना गर्न, कानुन निर्माण एवं संशोधनको क्रममा स्वार्थको द्वन्द्व नहुने व्यवस्था मिलाउनुपर्ने निर्देशन समेत अख्तियारको छ।

अख्तियारले परामर्शदाताबारे पनि बोलेको छ । परमर्शदाताले 'गलत ड्र‍इङ डिजाइन' गरेमा त्यसबाट हुने हानि नोक्सानीलाई कानुनी कारबाहीको दायरामा ल्याउने गरि सम्झौता गर्दा सर्तहरु राख्न समेत निर्देशन दिएको छ। 'परामर्शदाताले दिएको गलत ड्र‍इङ डिजाइनका कार्यबाट हुने हानि नोक्सानीलाई कानुनी कारबाहीको दायरामा ल्याउने गरी तथा परामर्शदाताले दिने जुनसुकै प्रतिवेदन सम्बन्धमा निजलाई पृष्ठ २ मा

# फास्ट ट्र्याक समयमै नबन्ने

दोस्रो पटक थपिएको म्यादअनुसार २०८३ सालमा सम्पन्न हुनुपर्ने भएता पनि यो लम्बिएर २०९० साल/०९३ सालसम्म पुग्ने अनुमान स्वयं नेपाली सेना र सरकारी अधिकारीहरुले गरेका हुन् ।



**काम फास्ट ट्र्याकमा गर्नुस् भन्ने नियम कानून चाहिँ २०१७ सालदेखिको देखाउनुहुन्छ । यही तालले हो भने २०८३ सालसम्म पनि बन्दैन ।**

**प्रभुराम शर्मा**
प्रधानसेनापति

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ पुस ।

काठमाडौं-तराई/मधेश द्रुत मार्ग सडक आयोजना (फास्ट ट्र्याक) तोकिएको समयमा निर्माण सम्पन्न नहुने भएको छ । २०७४ सालमा सरकारले नेपाली सेनालाई निर्माणको लागि जिम्मेवारी दिएको ६ वर्षमा ३० प्रतिशत पनि प्रगति नभएपछि अबको समयमा बाँकी काम पूरा नहुने निश्चित जस्तै देखिएको हो ।

सरकारले २०७४ साल बैशाख २१ को मन्त्रिपरिषद बैठकबाट निर्णय गरेर फास्ट ट्र्याक निर्माणको काम नेपाली सेनालाई दिने निर्णय गरेको थियो । जसको ०७४ जेठ १४ गते प्रधानमन्त्री पुष्कमल दाहाल 'प्रचण्ड'ले शिलान्यास गरेका थिए । तर,लामोसमयसम्म पनि सो आयोजनामा अपेक्षित प्रगति नभएपछि संसदको राज्यव्यवस्था तथा सुशासन समितिले बुधबार नेपाली सेनासँग सो विषयमा वृहत छलफल गऱ्यो ।

बैठकमा नेपाली सेनाले फास्ट ट्र्याक निर्माणमा हालसम्म भएको प्रगति पस्तुत गऱ्यो, जुन तथ्यांकअनुसार अहिलेसम्म २८.५६ प्रतिशत भौतिक प्रगति र २९.४४ प्रतिशत मात्रै वित्तीय प्रगति मात्रै भएको छ । ७०.९७ किलोमिटर लामो फास्ट ट्र्याक निर्माणको कामलाई नेपाली सेनाले ११ वटा प्याकेजमा विभाजन गरेर अगाडि बढाएको छ । जसमध्ये अहिलेसम्म ७ वटा प्याकेजको मात्रै काम सञ्चालन भएको, ३ वटा प्याकेज खरिद प्रकृयामा नै रहेको र काठमाडौं तर्फबाट मुख्य प्रवेशद्वार मानिने खोकना खण्डमा विवादित भएकाले कुनै प्रकृया नै अगाडि बढ्न सकेको छैन ।

फास्ट ट्र्याकमा ६ वटा सुरुङ मार्ग र ८९ वटा पुल निर्माण गर्नुपर्नेछ । जसमध्ये अहिलेसम्म ६२ वटा पुलको निर्माणको लागि ठेक्का सम्झौता भइसकेको, २३ वटा पुल निर्माणको लागि प्रकृया अगाडि बढेको र ४ वटा पुल खोकना खण्डमा पर्छ । खोकना र काठमाडौंमा पर्ने क्षेत्रमा बाहेक जग्गाको मुआब्जा वितरण गर्ने कार्य भने सम्पन्न भएको सेनाले आफ्नो तथ्यांकमा उल्लेख गरेको छ ।

सेनाले फास्ट ट्र्याक निर्माणमा २ खर्ब ११ अर्ब ९३ करोड लागत अनुमान रहेकोमा अहिलेसम्म ५२ अर्ब ८६ करोड मात्रै खर्च भएको जनाएको छ । सेनाले प्रस्तुत पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# आईएलओको मर्यादित कामसम्बन्धी पाँच वर्षे सहमति पत्रमा हस्ताक्षर

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ पुस

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)सँग वैदेशिक र आन्तरिक क्षेत्रमा काम गर्ने नेपाली श्रमिकको अधिकार तथा अन्य अवस्था सुधार गर्न पाँच वर्षे सहयोगसम्बन्धी सहमतिमा हस्ताक्षर भएको छ ।

मर्यादित कामका लागि देशीय कार्यक्रम शीर्षक रहेको कार्यक्रममा बुधबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारी, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, आईएलओ कन्ट्री डाइरेक्टर नुमान ओजक्यान र जेटीयूसीसीका अध्यक्ष विनोद श्रेष्ठले संयुक्तरुपमा सहमति पत्रमा हस्ताक्षर गरे । उक्त कार्यक्रम सन् २०२७ सम्म सञ्चालन हुने संयुक्त राष्ट्रसंघको नेपालका लागि आवासीय प्रतिनिधि हान्ना सिङ्गर ह्याण्डीले जानकारी दिइन् ।

आईएलओले कार्यक्रमबाट समावेशी र मर्यादित कामका लागि दिगो उद्यमहरुका साथै उत्पादनशीलता अभिवृद्धि, रोजगारी प्रवर्द्धन, उद्यमशीलताका दिगो विकासका लागि वातावरण सुधार हुने अपेक्षा गरिएको बताएको छ ।

त्यस्तै कार्यक्रमले रोजगारीको गुणस्तरीय सेवाहरुमा बढी पहुँच, सीप सिकाइ र सीप विकासको माध्यमबाट दक्ष, अनुकूलनीय र उत्पादक श्रमशक्तिको वृद्धि, रोजगारी क्षेत्रमा समावेशीताको प्रवर्द्धनको पनि लक्ष्य राखेको छ ।

हस्ताक्षर अघि बोल्दै श्रम मन्त्रालयका सचिव पृष्ठ २ मा



## रुसी सेनामा कार्यरत थप एक नेपालीको मृत्यु

**काठमाडौं/मस-** रुसी सेनामा कार्यरत थप एक नेपालीको मृत्यु भएको छ । परराष्ट्र मन्त्रालयले बुधबार एक विज्ञप्ति जारी गर्दै रुसी सेनामा कार्यरत कुन्दन सिंह नागलको मृत्यु भएको जानकारी दिएको हो ।

यस्तै निधन भएका नेपाली नागरिकहरुको शव यथाशीघ्र नेपाल पठाउन तथा घाइतेलगायतका पीडित परिवारहरुलाई क्षतिपूर्ति उपलब्ध गराउन रुसका राजदूतमार्फत पुन: रुस सरकारलाई अनुरोध गरिएको मन्त्रालयले बताएको छ ।

त्यस्तै सरकारले नेपालबाट मात्रै नभइ भारत, बंगलादेश, श्रीलंका, संयुक्त अरब इमिरेट्स, साउदी अरबिया, कुवेत, कतार र बहराइनबाट पृष्ठ २ मा

## अध्यक्ष भण्डारी उपसभापतिमा मनोनीत



**काठमाडौं/मस-** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीलाई महासंघको शिक्षा, सीप विकास र रोजगार समितिको उपसभापति पृष्ठ २ मा

Join us

A fair and responsible foreign recruitment organization having 18 years of expertise is requesting interested candidates to submit their application for the following positions:

| S.N | POSITION | Candidates |
|---|---|---|
| 1 | Receptionist | 2 (F) |
| 2 | OFFICE INCHARGE | 1 (Male / Female |
| 3 | Documentation | 2 (Male/ Female) |
| 4 | PRO | 1 (Male / Female |

Requirements:
- +2 Passed with, & can talk english & Nepali
- with Bachelor degree, having knowledge of basic computer skills
- experienced in recruitment industry will be preferred
- Able to start immediately

We do fair and transparent screening . Candidates we are eligible with the above qualities can drop their CV at
ansjob@ansassociates.com.np

01-5918472 | 9851134522

Attractive Salary And Bonus.

We practice equal opportunity to all applicants.

A.N.S. ASSOCIATES PVT. LTD.
Boudha, Mahankal-06, Kathmandu, Nepal

# राष्ट्रिय सभा निर्वाचनका लागि मतदाता नामावली स्वीकृत



**काठमाडौं/मस–** निर्वाचन आयोगले आगामी माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि

मतदाता नामावली स्वीकृत गरेको छ । उक्त निर्वाचनमा कूल दुई हजार ४७ मतदाता कायम गरिएको छ । राष्ट्रिय सभा सदस्य निर्वाचनमा प्रदेशसभा सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखले मतदान गर्ने कानुनी व्यवस्था छ । उक्त व्यवस्थाबमोजिम प्रदेशसभा सदस्य पाँच सय ४९ तथा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका प्रमुख र उपप्रमुख एक हजार चार सय ९८ मतदाता रहेका छन् ।

स्वीकृत नामावलीमा प्रदेशसभा सदस्यतर्फ कूल मतदाता पाँच सय ५० मध्ये निधन भएका प्रदेशसभा सदस्य एक जनाको नाम हटाइ पाँच सय ४९ कायम गरिएको छ । त्यसैगरी गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखतर्फको कूल मतदाता एक हजार पाँच सय छ जनामध्ये निधन भएका गाउँपालिका अध्यक्ष एक, उपाध्यक्ष एक, नगरपालिकाका उपप्रमुख एक र निलम्बनमा परेका गाउँपालिकाका अध्यक्ष एक तथा नगरपालिकाका प्रमुख चार जनाको नाम हटाइ कूल एक हजार चार सय ९८ जनाको नामावली स्वीकृत गरिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले बुधबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

निर्वाचनका लागि प्रदेशसभा सदस्यको कूल मतभार २९ हजार ९७, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको कूल मतभार २८ हजार चार सय ६२ गरी जम्मा ५७ हजार पाँच सय ५९ मतभार कायम गरिएको छ । आयोगबाट निर्धारित मतभारबमोजिम प्रदेशसभाका सदस्यको ५३ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार १९ रहेको छ ।

## धर्मसंकटमा ...

मुखैमा आएको सभामुख नलिने उदारता पनि राप्रपाले देखाउन सकिरहेको छैन ।

४ मंसिर २०७९ को चुनावमा भोट माग्न जाँदा राप्रपाका नेता/कार्यकर्ताले सरकारमा जानका लागि नजाने बताएका थिए । लिङ्देनले सरकार प्राथमिकतामा नरहेको बताएका थिए । तर, चुनाव लगत्तै बनेको सरकारमा लिङ्देन आफैं उपप्रधानमन्त्री भएर सरकारमा गए । छोटो समय सरकारमा रहेको राप्रपा फेरि सरकारमा जाने चाहनामा रहेको कतिपय नेताहरु बताउँछन् । सरकारमा जाँदा नेताहरु व्यवस्थापन गर्न सहज हुने भएता पनि सरकारमा दिगो रहन सक्ने वा नसक्ने त्रासमा लिङ्देन छन् । त्यसकारण ढुक्कले सरकारमा जान सकिरहेका छैनन् । सरकारमा नगए पनि सडकमा दुर्गा प्रसाईंहरु देखिन थालेपछि राप्रपा सडकमा पनि जाने निर्णयमा पुगेको हो ।

## सक्रियता...

नै जिम्मेवार बनाउने गरी सम्झौतापत्रमा स्पष्ट रूपमा सर्तहरू उल्लेख गर्ने व्यवस्था मिलाउने,' अख्तियारले भनेको छ ।

अख्तियारले बिनाप्रतिस्पर्धा वा आवश्यकता बेगर सार्वजनिक खरिद ऐन वा नियमावलीको सीमाभित्र पारी परामर्श सेवा सोझै खरिद गरी सार्वजनिक स्रोतको दुरुपयोग गर्ने कार्य बन्द गर्न सरकारी निकाय तथा सार्वजनिक संस्थानहरूलाई निर्देशन दिएको छ । यस्तै अख्तियारले प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको नक्कल गरी साभार गर्ने प्रवृत्ति नियन्त्रण गरी प्रचलित कानूनबमोजिम कारबाही गर्न पनि निर्देशन दिएको छ ।

बोलपत्र मूल्यांकनमा प्रतिस्पर्धालाई सीमित गर्ने गरी 'भेन्डर लक' हुन नदिने व्यवस्था मिलाउने, प्रतिस्पर्धालाई निषेध गर्ने गरी एउटै आयोजना टुक्रा टुक्रा पारी एउटै वर्षमा फरक फरक पार्टीमार्फत वा विभिन्न वर्षमा गरी सोझै खरिद गर्ने कार्य बन्द गर्ने, बिना प्रतिस्पर्धा वा आवश्यकता बेगर सार्वजनिक खरिद ऐन वा नियमावलीको सीमाभित्र पारी परामर्श सेवा सोझै खरिद गरी सार्वजनिक स्रोतको दुरुपयोग गर्ने कार्य बन्द गर्न पनि अख्तियारले निर्देशन दिएको छ ।

अख्तियारले सरकारी तथा सार्वजनिक सम्पत्ति एवं जिन्सी सामग्रीहरूको उचित व्यवस्थापन, भण्डारण, सुरक्षण तथा लेखाजोखाका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई अनिवार्य रूपमा लागू गरी उपयोगमा ल्याउन, सबै सार्वजनिक निकायले आफूले खरिद गरेका सफ्टवेयरको सोर्स कोड आफ्नै कर्मचारीबाट प्राप्ति, नियन्त्रण वा प्रयोगको सुनिश्चितता गर्न, सफ्टवेयर निर्माण, खरिद वा एकीकरण गर्नुपूर्व तथ्यांकको गोपनीयता, सुरक्षा एवं एकरुपता सुनिश्चितता गर्न भनेको छ। सबै सरकारी सफ्टवेयरको सेक्युरिटी अडिट अनिवार्यरूपमा गर्ने व्यवस्था गर्न पनि निर्देशन दिएको छ ।

सबै सार्वजनिक निकायहरूले समयमै नियमानुसार अनिवार्य लेखापरीक्षण गर्ने/गराउन तथा लेखापरीक्षण नगर्ने/नगराउने निकायहरूलाई कानूनी कारबाहीको प्रक्रियामा लैजान पनि अख्तियारले निर्देशन दिएको छ ।

नेपाल सरकारको घोषणाबाट खारेजी गर्ने वा गाभिने भनिएका विभिन्न निकाय एवं संस्थाहरूका सम्बन्धमा संस्था, संरचना, कानून, जनशक्ति, कार्य जिम्मेवारी र सेवा प्रवाहजस्ता आधार लिई दुरगामी प्रभावसमेत मूल्यांकन गरी यथाशीघ्र निर्णय कार्यान्वयन गर्न पनि अख्तियारले निर्देशन दिएको छ ।

## फास्ट ट्र्याक ...

गरेको कार्यप्रगति तथ्यांकलाई हेर्दा २०८३ चैत मसान्तसम्म बाँकी काम पूरा गर्न नसकिने बैठकमा बोल्ने सांसदहरुले औंल्याएका छन् ।

आफूले गएको वैशाखमा प्रधानमन्त्री र रक्षामन्त्रीलाई काट्नुपर्ने भनेर देखाएको रुख अहिलेसम्म काट्न नसकेको प्रधान सेनापति प्रभुराम शर्माले बताए । 'खै त फास्ट ट्र्याकमा नियम दिन सक्नुभएको ? काम चाहिँ फास्ट ट्र्याकमा गर्नुस् भन्ने नियम कानुन चाहिँ २०१७ सालदेखिको देखाउनुहुन्छ । यही तालले हो भने २०८३ सालसम्म पनि बन्दैन' प्रधान सेनापति शर्माले भनेका छन् ।

सेनाले समयमा नै सम्पन्न गर्छ भनेर सरकारले दिएको जिम्मेवारी समयमा नै पूरा नहुने भएपछि सेना पनि त उस्तै हो नी भएको सांसदहरुले बताए । कतिपय सांसदहरुले सो आयोजना पूरा गर्न अझै एक दशक लाग्ने भन्दै कटाक्ष समेत गरे । अहिलेकै तरिका र अवस्थामा काम पूरा हुन नसक्ने प्रधानसेनापति प्रभुराम शर्माले सांसदहरुलाई जवाफ दिएका थिए । कानून, विस्फोटक पदार्थको आयात, खोकना विवाद र निजगढको संरचनामा हुने हेरफेर लगायतका विषयहरुले समयमा काम हुने विषयमा समस्या देखिएको सेनाले आफ्नो तथ्यांकमा औंल्याएको छ । समयमा नै काम गर्नको लागि सरकारले आवश्यक सहजीकरण गर्नुपर्ने भन्दै समितिले सरकारलाई निर्देशन दिने निर्णय पनि गरेको छ ।

## आईएलओको...

भण्डारीले नेपालमा सीप विकासका लागि भएको लगानी र गरिएका प्रयासले अपेक्षित परिणाम दिन नसकेको भन्दै सामाजिक सुरक्षाको क्षेत्रमा पनि दश वर्षको अन्तरालमा ठोस काम हुन नसकेको बताए । यस्तो अवस्थामा निजी क्षेत्र र ट्रेड युनियनसँग सहकार्यका लागि आईएलओसँगको देशीय कार्यक्रमले कामदारको भर्ना प्रक्रियालाई पारदर्शी एवम् समावेशी बनाइ नेपाली श्रम बजारलाई पनि प्रभावकारी बनाउने अपेक्षा राखिएको उनले उल्लेख गरे ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष ढकालले नेपाली बजारमा रोजगारीको अवसरको न्यूनता रहेको र आर्थिक मन्दीका कारण रोजगारी सिर्जनामा जटिलता थपिएको अहिलेको अवस्थामा आईएलओसँगको सहकार्यले नेपालको रोजगारीमा नयाँ आयाम थपिने बताए । उनले श्रम बजारलाई व्यवस्थित र मर्यादित बनाउन सरकारको प्रतिबद्धताअनुसार सहकार्य गर्न नेपालको निजी क्षेत्र सधैं तयार रहेको बताए ।

जेटीयूसीसीका अध्यक्ष श्रेष्ठले कोभिडलगायतका कारणले नेपालको श्रम बजारको अनौपचारिक क्षेत्रमा काम गर्नेको संख्या बढ्दै र रोजगारीको सुनिश्चित घट्दै गएकाले आईएलओको कार्यक्रमले सहयोग पुग्ने बताए । नेपालका लागि आईएलओका कन्ट्री डाइरेक्टर नुमान ओजक्यानले घोषित कार्यक्रमले नेपालको श्रम बजार सुधार गर्न सहयोग पुर्‍याउने लक्ष्य राखिएको बताए ।

संयुक्त राष्ट्रसंघको आवासीय प्रतिनिधि ह्याण्डीले नेपालमा ब्रेन-ड्रेनको समस्या भएकाले स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्न सीप, तालिम र उत्प्रेरणाका कार्यक्रम सञ्चालन गर्नुपर्ने धारणा राखिन् ।

## रुसी ...

समेत रुस जाँदा अनिवार्यरुपमा 'नोअब्जेक्सन लेटर' लिनुपर्ने व्यवस्था गरेको छ ।

नेपाली नागरिकलाई रुसी सेनामा भर्ना नगर्न र भर्ना गरिएका नेपाली नागरिकलाई तत्काल नेपाल फर्काउन रुसी सरकारलाई पुनः अनुरोध गरिएको समेत मन्त्रालयले बताएको छ । त्यस्तै युक्रेनमा बन्दी बनाइएका चार नेपाली नागरिकहरुको शीघ्र रिहाइ गरी नेपाल फिर्ता पठाउन युक्रेनी सरकारलाई कूटनीतिक माध्यमबाट अनुरोध गरिएको मन्त्रालयले बताएको छ । हाल युक्रेनमा बर्दियाका विवेक खत्री, काभ्रेका सिद्धार्थ ढकाल, मोरङका विकास राई र रोल्पाका प्रतिक पुन बन्दी अवस्थामा छन् ।

## अध्यक्ष...

पदमा मनोनीत गरेका छन् ।

संघ महासंघको एशोसिएट सदस्य हो । संघका अध्यक्ष भण्डारी उपाध्यक्षमा मनोनीत भएकोमा संघसहित व्यवसायीका विभिन्न संस्था र व्यवसायीहरुले व्यक्तिगतरुपमा बधाई ज्ञापन गर्दै सफल कार्यकालका लागि शुभकामना व्यक्त गरेका छन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/०४/०६ मा दर्ता भएको **प्रा.लि.नं. ११४२४१** को **बालाजी एग्रो ईण्डष्ट्रिज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०९/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०६/०९ मा दर्ता भएको **प्रा.लि.नं. ११९५०३** को **सिर्जनशिल प्राविधिक शिक्षालय प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०९/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/०५**

**सेन्ट्रल लाउण्ड्रि सर्भिस प्रा.लि.** को मिति २०७७/०७/१० गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सेन्ट्रल बिजनेश लिंक प्रा.लि. (प्रा.लि. नं.: २२८१४५)** कायम गर्ने गरी मिति २०७७/०७/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**KUWAIT मा वैदेशिक रोजगारको अवसर**

१. कम्पनीः JUST MANOUSHE FOR FAST FOOD — शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०७९/१२/०१ चलानी नं.: ६०१९८११७ LT. No.: 282704 पुन : विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waitress (Famale) | 0 | 39 | स. काममा दक्ष | 120 | ५१,७५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः JUST MANOUSHE FOR FAST FOOD — शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८०/०६/०८ चलानी नं.: ६०२०८२०६ LT. No.: 292930 पुन : विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef De Party | 5 | 0 | सम्बन्धित काममा दक्ष | 250 | १०७,८२८ | अनुसार | क.नि.८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chef/Cook | 10 | 0 | | 150 | ६४,६९७ | | | | | | | |
| 3. | Cleaner/Helper | 9 | 0 | | 90 | ३८,८१८ | | | | | | | |

**मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस १२ गते (28 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064

**SHARON MANPOWER SERVICES PVT. LTD.**
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
**Mobile: 9801026390 | 9803126395 | 9818550053**

**ZERO COST RECRUITMENT IN MALAYSIA !!!**
**मलेशियामा शुन्य लागतको रोजगारी !!!**

Free Visa, Free Air Ticket from Kathmandu to Malaysia, Free Bio-medical, Free Aakarshan's Service Charge, Free Transportation (After Selection), Free Lodging and Meals (During Departure).
निःशुल्क भिषा, निःशुल्क हवाई टिकट काठमाडौं देखि मलेशियासम्म, निःशुल्क स्वास्थ्य जाँच, आर्कषणले लिने सेवा शुल्क निःशुल्क, निःशुल्क यातायात (छनौट पछि), निःशुल्क बास र खाना (उडानको समयमा)।

**A.EMPLOYER'S INFORMATION (रोजगारदाताको विवरण):**
**NAME: SUMIDEN ELECTRONIC MATERIALS (M) SDN. BHD.**
नामः सुमीडेन इलेक्ट्रोनिक मेटेरियल्स् (एम) एसडिएन. बिएचडी.
Address : Selangor, Malaysia
(ठेगाना : सेलेङ्गोर, मलेसिया)

**Pre-Approval Details (पुर्व–स्वीकृतिको विवरण):**

| | | | | | |
|---|---|---|---|---|---|
| Pre Approval Date: | 2023/12/20 | Consignment No.: | 60211799 | L.T. No.: | 296751 |
| पूर्व स्वीकृत मितिः | २०८०/०९/०४ | चलानी नं.: | ६०२११७९९ | एल टी नं.: | २९६७५१ |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सामान्य कामदार General Worker | ५ 5 | 0 0 | Can speak, write, read and understand basic English -SLC/SEE pass -अंग्रेजी बोल्न लेख्न र पढ्न सक्ने -एसएलसी/एसईई पास भएको | 1500 | ४२,५१० | कम्पनीको नियम अनुसार As per the company rule | ७.५ 7.5 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन NO | छ Yes | दुई वर्ष 2 Years |

| Domestic Medical Fees स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने | Overseas Medical Fees बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने | Foreign Employment Term Life insurance (Domestic) स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने | Foreign Employment insurance Premium (Overseas) रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Air Fare कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fees भिषा शुल्क कस्ले ब्यहोर्ने | Visa Stamping Fees भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने | Pre- Departure Orientation Fees अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | Welfare Fund Payment कल्याणकारी कोष सम्बन्धी ब्यवस्था | Social Security Fund Payment स्वदेशमा लाग्ने सामाजिक सुरक्षा कोषको रकम कस्ले ब्यहोर्ने र कति लाग्ने | Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने | By Employer रोजगारदाताले ब्यहोर्ने |

**Interview Schedule Details (अन्तर्वार्ताको समय विवरण)**

**1. Pre-Screening Orientation (पूर्व– छनौट अभिमुखीकरण)**
21 to 27 December 2023 at office Premises, Kathmandu. Only successful applicants will be moved to Pre-Interview stage. (मिति :- २०८० पुष ५ देखि ११ गतेसम्म कार्यालय परिसर काठमाडौंमा हुनेछ। पूर्व छनौट अभिमुखीकरणमा समावेश भएका आवेदकहरुलाई मात्र पूर्व- अन्तर्वार्तामा सहभागी गराईनेछ ।)

**2.Pre-Interview (पूर्व–अन्तर्वार्ता)**
28 December 2023 at office Premises, Kathmandu. Only successful candidates will be moved to Final Interview stage. (मितिः- २०८० पुष १२ गते कार्यालय परिसर काठमाडौंमा हुनेछ । पूर्व अन्तर्वार्तामा सफल भएका आवेदकहरुलाई मात्र अन्तिम अन्तर्वार्तामा सहभागी गराईनेछ ।)

**3.Final Interview (अन्तिम अन्तर्वार्ता)**
29 December 2023 at office Premises Kathmandu.
(मिति :- २०८० पुष १३ गते कार्यालय परिसर काठमाडौंमा हुनेछ ।)

**B. Work Related Information of the Employer (कम्पनीको कार्य विवरण सम्बन्धी जानकारी)**
1. Nature / Scope of work (कार्यको प्रकृति/क्षेत्र):- Wire Product Manufacturing (विद्युतिय तारहरुको उत्पादन)
2. Work Shift (कार्य शत्र):-
   ❖ Day Shift (दिवा शत्र) ❖ Night Shift (रात्रीकालीन शत्र)
3. Work Hazard (कार्य जोखिम):- No Work Hazard (कार्य जोखिम छैन)

**4. Leave Entitlements Details (बिदाको विवरणहरु)**

| Leave Entitlement (बिदाको विवरणहरु) | Days of Leave (बिदा दिन) | Length of Service (सेवा अवधि) |
|---|---|---|
| Weekly off days (साप्ताहिक बिदा) | 1 Day (१ दिन) | Weekly basis (प्रत्येक हप्ता) |
| Annual Leave (बार्षिक बिदा) | 1. 10 Days (१० दिन) 2. 14 Days (१४ दिन) | 1. Less than 2 years (२ बर्ष भन्दा कम) 2. More than 2 years less than 5 years (२ बर्ष भन्दा बढि र ५ बर्षभन्दा कम) |
| Sick Leave (बिरामी बिदा) | 1. 14 days (१४ दिन) 2. 18 Days (१८ दिन) 3. 22 Days (२२ दिन) | 1) Less than 2 years (२ बर्ष भन्दा कम) 2) 2 years or less than 5 years (२ बर्ष भन्दा बढि र ५ बर्षभन्दा कम) 3) 5 years or more (५ बर्ष भन्दा बढि) |
| (In case of hospitalization 60 days in a calendar year. (हस्पिटल भर्ना भएको अवस्थामा १ बर्षमा ६० दिन) | | |
| Public Holiday (सार्वजनिक बिदा) | 14 Days (१४ दिन) | Public Holidays is in based on in accordance to labor law of Malaysia (सार्वजनिक बिदा मलेसियाको श्रम कानुन अनुसार हुनेछ ।) |
| (All the mentioned leave entitlements cover full payments. (माथि उल्लेखित सम्पूर्ण बिदाहरुको भुक्तानी हुनेछ।) | | |
| (Worker can return in their home in emergency situation without penalty and during annual leave (कामदारहरु आपतकालीन अवस्था र वार्षिक बिदाको समयमा कुनै पनि जरिवाना विना आफ्नो घर फर्किन पाउनेछन् ।) | | |

5. Expected Overtime hours (अनुमानित अतिरित्त काम गर्ने समय):- 52 Hours & it will be calculated as per the Malaysian Labor Law (५२ घण्टा हुनेछ र मलेसियाको श्रम कानुन अनुसार गणना हुनेछ)
6. Benefits (सुविधारू):-
❖ If any other than mentioned above (माथि उल्लेखित बाहेक अन्य भएमा):- Transportation from Hostel to Working facility (होस्टेल देखि फ्याक्ट्री सम्मको यातायात)
❖ Non-legal benefits, if any (कानुनीद्वारा बाहेकको अन्य सेवा सुविधा, यदि कुनै भएमा):- No (छैन्)
❖ Any amount that charge for providing benefits (सेवा लिए बापत अन्य कुनै शुल्क लिएमा):- No (छैन्)

**Candidate's Rights (आवेदकहरुको अधिकार)**
1. Freedom of Association & Collective Bargaining (सघं संस्थामा आबद्ध हुन र सामुहिक आवाज उठाउन पाउने अधिकार)
2. Freedom of Movement (घुमफिरको स्वतन्त्रता)
3. Early (pre-mature) resignation or termination involves a prior notice period and bears costs by the employer to repartition in the same way of departure (सम्झौता अवधि भन्दा अगावै यदि कामदार र रोजगार दाताले सम्झौता समाप्त गर्न चाहेमा पूर्व सूचना दिएर गर्न सकिन्छ र फर्किदाको खर्च रोजगारदाताले नै व्यहोर्दछ । )

**Important Information (महत्वपूर्ण जानकारी):**
❖ Only candidates who have passed both Pre-Screening and Pre-Interview can attend Final Interview. **(पूर्व–स्क्रिनिङ र पूर्व–अन्तर्वार्तामा उत्तीर्ण भएका उम्मेदवारहरू मात्र अन्तिम अन्तर्वार्तामा सहभागी हुन पाउने छन् ।)**
❖ Nepal Government has a strict requirement that **no sub-agent** is to be used. Therefore, no middlemen or intermediary is allowed in our recruitment Process. All applicants must bring the following **original documents** to the Pre-Screening for identity / age verification (i) Nepali Citizenship card (or Existing Passport); Please also bring a photocopy of these documents, and a passport-size photo of yourself (white background). **(नेपाल सरकारले कुनै पनि एजेन्ट वा सब–एजेन्टको प्रयोग कानूनी रुपले बन्द गरेको छ । तसर्थ हाम्रो भर्ती प्रक्रियामा कुनै विचौलिया वा मध्यस्थकर्तालाई अनुमति दिईने छैन । सबै आवेदकहरूले परिचय/उमेर प्रमाणीकरणको लागि पूर्व–छनौटको क्रममा निम्न लिखित सक्कल कागजातहरु ल्याउनु पर्ने, जसमा १. नेपाली नागरिकता वा राहदानी (यदि पहिलेनै बनाएको भएमा) । कृपया यी कागजातहरुको फोटोकपी, र आफ्नो पासपोर्ट साइजको फोटो (सेतो पृष्ठभूमि) भएको ल्याउनुहोला ।**
❖ Aakarshan International Pvt. Ltd. does not have any branch office, agent or Mediator. **आकर्षण ईन्टरनेशनल प्रा.लि.को कुनै पनि शाखा कार्यालय, एजेन्ट वा मध्यस्थकर्ता नरहेको जानकारी गर्दछौं।**
❖ Applicants are requested to submit their job application directly to Aakarshan **without using any intermediary**. Applicants, their relatives or family members are **not require to pay** any recruitment fees, bonds or deposits or make any gifts for their employment. **आवेदकहरुलाई कुनै पनि मध्यस्थकर्ताको प्रयोग विना सिधा आवेदन गर्न अनुरोध गर्दछौं । आवेदक, आवेदकको परिवारका सदस्य, आफन्त र साथीभाईले यस रोजगारीको लागि कुनै पनि प्रकारको शुल्क, धितो, पेश्की वा कुनै पनि किसिमको उपहारहरु दिने वा दिनको लागि अनुबन्धित हुन पर्नेछैन् ।**
❖ We request all applicants to review and understand the information on our commitment and compliance on **Zero Cost and Ethical Recruitment** in relation to this Employment, available at Aakarshan office premises, such as flex, banner, leaflet and notice. **आकर्षण ईन्टरनेशनल प्रा.लि.ले शून्य लागत साथै न्यायोचित भर्तीको लागी गरिएको प्रतिबद्धता सम्बन्धी जानकारी मुलक सूचनाहरु यस प्रा.लि.को कार्यालय परिसर हाताभित्र फ्लेक्स, व्यानर, पर्चा मार्फत उल्लेख गरिएको हुनाले सो बारे पूर्ण रुपमा जानकारी लिनहुन अनुरोध गर्दछौं ।**
❖ Aakarshan International Pvt. Ltd. is an **equal employment opportunity** service provider. Selection is based on merit and capability. Our recruitment process is fair and transparent. We request that you not be tempted to follow anyone else's assurances and promises. **आकर्षण ईन्टरनेशनल प्रा.लि. समान अवसर प्रदायक सस्था हो र छनौट गर्दा तपाईको योग्यता र क्षमताको आधारमा गरिन्छ । त्यसैले हाम्रो रोजगारीको कार्य प्रकृया पूर्ण रुपमा पारदर्शी हुने भएकोले कसैको भनसुन, आश्वासन र प्रलोभनको पछि नलाग्न अनुरोध गर्दछौं ।**

**C. Whistle Blowing Reporting (गोप्य सुचना दर्ता)**
Aakarshan encourage "Speak –Up" culture. If you find any illegal or unethical behavior, you can report on behalf of other (आकर्षनले अन्याय विरुद्ध आवाज उठाउनकोलागि प्रोत्साहन गर्दछ । यदि तपाईले कुनै गैरकानूनी वा अनैतिक व्यवहार गरेको महशुस गर्नु भएमा, तपाईले अरुको तर्फबाट समेत ethicsreporting@aakarshannepal.org मा रिपोर्ट गर्न सक्हुनेछ ।)
(*It will be handled only by BOD.* यसलाई निर्देशक समितिले मात्र व्यवसथापन गर्नेछन्)

**Information Provided by Department of Foreign Employment (DOFE):**
**(वैदेशिक रोजगार विभागद्धारा प्रदान गरिएको जानकारी):**
Information provided by the Department of Foreign Employment (DOFE) : बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारीः 1. Make sure you get the visa in your name. १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 4. Orientation or induction training must be taken before going for foreign employment. ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 5. Sign the employment contract only after reading carefully about the country, company, services and facilities you are going to And keep a copy of employment contract with yourself. ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 6. Please use Nepal's Airport while going for Foreign Employment, otherwise there is possibility of being cheated. ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 7. If you would like to know anything more about this advertisement, please contact Department of Foreign Employment. ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, सम्पर्क गर्नुहोला । .

**Grievance Reporting Alert (गुनासो दर्ता)**
If you observe or experience any types of unethical conduct, Please speak up or report an incident as below. You can also report anonymously.
यदि कुनै किसिमको अनैतिक गतिबिधिको महशुस गर्नु भएमा निम्न माध्यममा सम्पर्क गर्नुहोस । गुनासो दर्ता गर्दा आफ्नो परिचय गोप्य राख्न सक्नु हुनेछ ।
*Report to Aakarshan : Email at grievancereporting@aakarshannepal.org or making direct call, SMS via 9847757089
आकर्षणमा गुनासो दर्ता गर्न : grievancereporting@aakarshannepal.org मा इमेल गर्न सक्नु हुनेछ अथवा ९८४७७५७०८९ मा सिधा कल वा एस.एम.मेस गर्न सक्नुहुन्छ ।

**AAKARSHAN INTERNATIONAL PVT. LTD.**
(An ISO 9001:2015 certified company)
Aakarshan Building, Shambhu Marga, (Near Airport) Kathmandu
Tel: 01- 4598701 (Hotline) | Mobile: 9801122306
Scan me!

# काठमाडौंका ६ क्षेत्रमा थप २ महिना प्रदर्शन गर्न निषेध



**काठमाडौं/मस-** काठमाडौंका ६ क्षेत्रमा थप २ महिना प्रदर्शन गर्न निषेध गरिएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंले बुधबार एक आदेश जारी गर्दै शितल निवास (राष्ट्रपति कार्यालय), प्रधानमन्त्री निवास बालुवाटार, संसद् भवन नयाँ बानेश्वर, सिंहदरबार, उपराष्ट्रपति कार्यालय र माइतीघर मण्डला आसपासको क्षेत्रमा पुस ४ देखि बढीमा दुई महिनाका लागि ५ जनाभन्दा बढी मानिस भेला भएर जुलुस, प्रदर्शन, भेला, धर्ना, सभाजस्ता आन्दोलन र विरोधका कार्यक्रम गर्न निषेध गरेको हो ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतद्वारा बुधबार जारी आदेशमा भनिएको छ, 'जिल्ला सुरक्षा समिति काठमाडौंको सिफारिस समेतका आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३क) बमोजिम देहायको क्षेत्रमा २०८०।०९।०४ देखि बढीमा २ (दुई) महिनासम्मका लागि पाँच जनाभन्दा बढि व्यक्ति भेला जम्मा भई जुलुस, प्रदर्शन, धर्ना, घेराउ, अनसन, घेराउ, सभा जस्ता आन्दोलन वा विरोधका कार्यक्रम गर्न निषेध गरेको आदेश जारी गरिएको छ ।'

प्रशासनको आदेश उल्लंघन गरिए संलग्नलाई नियन्त्रणमा लिई कारबाहीको दायरामा ल्याइने जनाइएको छ ।

यसअघि मंसिर ४ गतेदेखि १ महिनाका लागि माइतीघरदेखि नयाँ बानेश्वरसम्मलाई निषेधित क्षेत्र घोषणा गरिएको थियो । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेनिकट युवा संघ नेपाल र मेडिकल व्यवसायी दुर्गा प्रसाईं नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म-संस्कृति र नागरिक बचाउ अभियान' ले मंसिर ७ मा एकै दिन विभिन्न माग राखी छुट्टाछुट्टै विरोध कार्यक्रम आह्वान गरेपछि काठमाडौं प्रशासनले माइतीघरदेखि नयाँ बानेश्वरसम्मको क्षेत्रमा भेला, जुलुस, प्रदर्शनलगायत गतिविधि गर्न रोक लगाएको थियो ।

# बलपूर्वक भूमाफियाहरुले जग्गा कब्जा गर्न खोजेको आरोप

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ४ पुस




रौतहटको चन्द्रनिगाहपुर बजार क्षेत्रमा बसोबास गर्ने मधेशी समुदायका सर्वसाधारणमाथि स्थानीय भूमाफियाहरुले गिद्धे दृष्टि लगाउन थालेको आरोप लाग्ने गरेको छ ।

चन्द्रपुर नगरपालिका वडा नम्बर ४ मा विगत २० वर्षदेखि घर बनाइ बसोबास गर्दै आएका एक मधेशी मूलका नेपालीलाई केही स्थानीय भूमाफियाहरुले दुःख दिन थालेको आरोप लागेको हो । चन्द्रपुर नगरपालिकाको देउराली चोकमा २४ धुर जग्गा खरिद गरी विगत २० वर्षदेखि घर बनाइ पाउरोटीको व्यवसाय गर्दै आएका शेख मनिरको जग्गालाई बलपूर्वक भूमाफियाहरुले कब्जा गर्न खोजेको पीडितको आरोप छ ।

भूमाफियाहरुले अन्यत्रको जग्गाको कागजात ल्याइ आफ्नै जग्गामा दाबी गर्दै आएपछि पीडित पक्षले बुधबार रिपोर्टस क्लब गौरमा पत्रकार सम्मेलन गरी घटनाबारे जानकारी गराउनुको साथै न्यायको लागि गुहार गरेका छन् ।

भूमाफियाबाट पीडित शेख मनिरका अनुसार स्थानीय नरबहादुर बोगटी भन्ने राजन र महोत्तरी जिल्ला घर भएका भूमाफिया कासीम अंसारीले अन्य जग्गावालासँग अन्य जग्गाको कागजात खरिद गरी आफु मधेशी भएकै कारण आफ्नो जग्गा सजिलै कब्जा गर्न सक्ने मनासयले गुण्डा प्रयोग गरी घर तोडफोड गरेको आरोप लगाए ।

सम्प्रदायिक सोचले अभिप्रेरित भइ भूमाफिया भनिएका नरबहादुर र कासीमले आफ्नो जग्गा कब्जा गर्न पावर र पहुँचको आधारमा अदालतलाई समेत अध्यारोमा पारी आफ्नो पक्षमा फैसला गराउन सक्ने अभिप्रायले जिल्ला अदालतमा मुद्दा दिएको तर अदालतले सो मुद्दाको फैसला भूमाफियाको विपक्षमा आएपछि पुनः पुनरावेदनमा रिट दायर गरेको र पुनरावेदनबाट समेत भूमाफियाहरु मुद्दा हारेपछि गुण्डा शैलीमा उत्रेको पीडित शेख मनिरको आरोप लगाए ।

त्यस्तै पीडित मनिरले मंसिर २६ गतको पुनरावेदन अदालतको निषेधाज्ञा विपरित २९ गते ईलाका प्रहरी कार्यालय चन्द्रपुर प्रहरीको उपस्थितिमा भूमाफियाहरुले आफ्नो घरमा गुण्डाहरु प्रयोग गरी तोडफोड र लुटपाट गरेको बताए ।

पुनरावेदन अदालतमा मुद्दा चली रहँदा भूमाफियाहरु निजी अमिन लगेर आफ्नो जग्गा नापजाँच गर्न खोज्दा परिवारको सदस्यहरुले आपत्ती जनाउँदा ईलाका प्रहरी कार्यालयका प्रहरीले भूमाफियाहरुको इसारामा आफ्नो श्रीमती, छोरी र अन्य परिवारका सदस्यहरुलाई थुनेको तथा आफु व्यापारबाट फर्केर आउँदा घटना थाहा पाइ भेट्न जाँदा उनीहरुलाई थुनामुक्त गरी आफुलाई नै थुनेर अभद्र व्यवहारको मुद्दा चलाइ १९ दिन थुनामा राखेको तथा पुस ३ गते अदालतको निषेधाज्ञाको आधारमा छोडेको पीडितले आरोप लगाएका छन् ।

भूमाफियाले आँखा गाडेको आफ्नो जग्गाको मुद्दामा तल्लो दुई तहको अदालतले आफ्नो पक्षमा फैसला गरेको र सर्वोच्च अदालतमा समेत मुद्दा प्रक्रियामा रहेको तर रौतहट प्रहरी न्यायीक अड्डाको आदेश समेत बेवास्ता गरी भूमाफियाको इसारामा सञ्चालन रहेको पीडित मनिरको आरोप छ ।

त्यस्तै पीडित भनिएका मनिरका आफन्त जुलफेकारका अनुसार आफुहरु घटनाको सम्बन्धमा पटक-पटक प्रमुख जिल्ला अधिकारी कहाँ जाँदा प्रमुख जिल्ला अधिकारीले रौतहट प्रहरीका प्रमुखलाई उचित आदेश दिएपनि सो अनुसारको सहयोग नभएको गुनासो गरेका छन् । जुलफेकारका अनुसार ईलाका प्रहरी कार्यालय चपुरका निमित्त प्रमुख अदालतको आदेश कार्यानवयन गराउनुको सट्टा भूमाफियालाई नै सहयोग गर्ने गरेका छन् । आफुहरु साह्रै अन्यायमा परेकोले न्यायको पक्षमा अवाज उठाइ न्यायका लागि पहल र सहयोग गरी दिन पीडितले पत्रकार सम्मेलनमार्फत आग्रह गरेका छन् ।

# ३० लाख बढीको कपडा बरामद



**राहुल गुप्ता/मध्यान्ह**
बारा, ४ पुस

सशस्त्र प्रहरी रौतहट र बाराद्वारा ३१ लाख बराबरको कपडा बरामद गरेको छ ।

विशेष सूचनाको आधारमा बुधबार सशस्त्र प्रहरी बल, नेपाल रौतहट र बाराबाट खटिएको टोलीले अवैध रुपमा जम्मा गरी राखेको विभिन्न किसिमका लत्ताकपडाहरु बरामद गरेको हो ।

भन्सार कार्यालयमा बुझाउँदा ३० लाख २१ हजार ४ सय मूल्य कायम भएको छ । लत्ताकपडामा संलग्न व्यक्तिको खोजी कार्य भइरहेको सशस्त्र प्रहरी बलका नायब महानिरीक्षक दिपेन्द्र साहले जानकारी दिए ।

# मौलापुर नगरपालिकाले तिर्‍यो नगरवासीको २ करोड ६६ लाख बढी विद्युत महसुल



नगर प्रमुख साहले मौलापुर नगरपालिकाले नगर क्षेत्रभित्रका घरायसी प्रयोजनका ग्राहकहरुको सम्पूर्ण विद्युत महसुल वापतको रकम रु. २ करोड ६६ लाख ८४ हजार ९ सय १० रकम बराबरको चेक विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रका प्रमुख राम दिनेश यादवलाई हस्तान्तरण गरेका हुन् ।

**सागर संगम ठाकुर/मध्यान्ह**
रौतहट, ४ पुस

रौतहट मौलापुर नगरपालिकाले आफ्नो नगर भित्रका सम्पूर्ण ग्राहकहरुको विद्युत महसुल भुक्तानी गरेको छ । नगरपालिकाकी नगर प्रमुख रिना कुमारी साहले पालिका भित्रका घरायसी ग्राहकहरुले उपभोग गरेका विद्युतका महसुल बुधबार चुक्ता गरेको बताइन् ।

२०७८ साल साउन महिनादेखि २०८० साल कात्तिक मसान्तसम्मको सम्पूर्ण विद्युत महसुल नगरपालिकाले तिर्ने निर्णय गरे पश्चात् बुधबार नगरपालिकाको कार्यकक्षमा नगर प्रमुख साहले सो महसुल वापतको रकम चेकमार्फत भुक्तानी गरिन् ।

# वीरगञ्ज महानगरपालिकाले हटायो स्वयंसेवक शिक्षक




**वीरगञ्ज/मस-** पर्साको वीरगञ्ज महानगरपालिकाले यही पुस १ गतेदेखि लागू हुनेगरी स्वयंसेवक शिक्षकलाई सेवाबाट हटाएको छ ।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईले महानगरपालिका क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक विद्यालयमा कार्यरत सबै स्वयंसेवक शिक्षकलाई हटाइएको जानकारी दिए । नगर शिक्षा समितिको मंगलबार बसेको बैठकले सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण स्वयंसेवक शिक्षकलाई हटाउने निर्णय गरेको थियो । महानगरपालिकाले गत साउन १ गतेदेखि आधारभूत तह र माध्यमिक तहमा एक सय ५७ स्वयम्सेवक शिक्षक राखेको थियो ।


## हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०५/२३ मा दर्ता भएको प्रा.लि.नं.१५५३३३/०७३/०७४ को **सुभाष श्रेया पब्लीकेशन प्रा.लि.** को मिति २०८०/०९/०२ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: मान बहादुर लामीछाने, इजाजत पत्र नं. ००१,**
**ठेगाना: अनामनगर, काठमाडौं, फोन नं. ९८४१०७४५७७**

## यूएईको सुपरमार्केटमा रोजगारको अवसर

१. कम्पनी : SPINNEYS ABU DHABI LLC — शहर : ABU DHABI
पूर्व स्वीकृत मिति: २०८०/०४/०२ — चलानी नं.: ६०२०४८०८ — LT. No.: 289573 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 242 | 35 | स. काममा दक्ष | 2025 | ७३,०६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : FINE FARE FOOD MARKET L.L.C — शहर : DUBAI
पूर्व स्वीकृत मिति: २०८०/०४/०२ — चलानी नं.: ६०२०४८०९ — LT. No.: 289574 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 43 | 30 | सम्बन्धित काममा दक्ष | 2025 | ७३,०६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Officer | 52 | 20 | | 2025 | ७३,०६२ | | | | | | | |

अन्तवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस १० देखि १५ गते (26 to 31 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

न्यूनतम SLC Pass भई अंग्रेजी भाषा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ ।
उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको र शरिरमा ट्याटु नभएको हुनुपर्नेछ ।
CHEF, COOK, BARISTA, DELI/BAKERY, KITCHEN STAFF, COFFEE SHOP, FAST FOOD, RESTAURANT STAFF, WAITER, KITCHEN WORKER सम्बन्धी काम जानेकालाई विशेष प्राथमिकता । फाराम आफ्नै हस्ताक्षरले भर्नुपर्नेछ र अन्यले भरे दर्ता गरिने छैन । कुनै पनि नक्कली प्रमाणपत्रहरू पेश गरिएका प्रमाणपत्रहरूबाट पर्न सक्ने कुनै पनि कानूनी कारवाहीको जिम्मेवारी निवेदक आफै हुनुपर्नेछ तथा अन्तरवार्तामा सक्कल राहदानी, शैक्षिक प्रमाण पत्र तथा सम्बन्धित कामको अनुभवको प्रमाण पत्र लिई उपस्थित हुनुपर्नेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ३४८/०५९/०६०
**न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.**
पो.ब.नं ५६४५, धुम्बाराही, काठमाडौं, नेपाल, फोन: 01 4544928 | 4544 330
Mobile: 9866298734 | 9761897444 | 9841338351


## Soru Rural Municipality
## Office of the Rural Municipal Executive
**Jima, Mugu**

### Invitation for Bids

**Date of publication: BS 2080-09-05 (2023/12/21)**

Soru Rural Municipality, Office of the Municipal Executive invites electronic bids from eligible bidders under National Competitive Bidding. Single Stage-Single Envelope Bidding Procedure.

| Description of Work | Estimated Amount, NRs (With VAT) | Bid Security Amount (NRs.) | Bid validity period/ Bid security period/ Bid security fee |
|---|---|---|---|
| Kalai Dekhi Thinke Rukh Samma ko Sadak Nirman SRM/MUGU/NCB/WORKS /RC/LISP/06/2080-081 | Nrs 48,24,655 | Nrs 1,25,000 | 90 days /120 days / Nrs 3000 |
| Muldekhi Vittakhet Samma Sichai Yojana SRM/MUGU/NCB/WORKS /I/LISP/07/2080-081 | Nrs 52,39,243.96 | Nrs 1,31,000 | 90 days / 120 days / Nrs 3000 |

1. Under the Single Stage, Single Envelope Procedure, Bidders are required to submit only one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Soru Rural municipality, Jima, Mugu, Email : ito.sorumun@gmail.com, Website : http://info@sorumun.gov.np, Phone Number +977—087460081, 9858322512, 9851349067.
3. Bidder has to submit their bid electronically only from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

| | | |
|---|---|---|
| **Name of the Bank** | : | **Rastriya Banijaya Bank, Jima, Mugu.** |
| **Name of Office** | : | **Soru Rural Municipality** |
| **Office Code no.** | : | **……………..** |
| **Office Aantarik Rajaswa Account no.** | : | **4510100301010002 Rajaswa (revenue)** |
| **Dharauti Khata** | | |
| **Name of the Bank** | : | **Rastriya Banijaya Bank, Jima, Mugu.** |
| **Name of Office** | : | **Soru Rural Municipality,** |
| **Office Code no.** | : | **……………..** |
| **Office Account no.** | : | **4510100303000002 (Dharauti Khata)** |
| **Dharauti Shirshak no.** | : | **…………………………** |

4. Pre-bid meeting shall not be held.
5. Electronic bids must be submitted to the office of Soru Rural Municipality, Mugu through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12 noon on BS 2080-10-07(2024/01/21) Bids received after this deadline will be rejected.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
५ पुस २०८०, बिहीबार
21 December 2023, Thursday

## सम्पादकीय

# थोरै पनि नैतिकता बाँकी छ भने...

मंगलबार संघीय संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गरेको स्वीकारोक्ति अर्थपूर्ण छ । एनसेल खरीद–बिक्री प्रकरणबारे छलफल गर्न समितिले बोलाएको छलफलमा प्रधानमन्त्री प्रचण्डले एनसेल प्रकरणलाई नजिकबाट हेरिरहेको बताए । तर त्यस्तो प्रतिबद्धता अगाडि प्रधानमन्त्री प्रचण्डले अर्को गम्भीर खुलासा पनि गरे । प्रधानमन्त्री प्रचण्डका अनुसार, पट्याउनै नसकिने मूल्यमा एनसेलको स्वामित्व खरीद गर्ने व्यापारीसँग प्रमुख राजनीतिक नेतृत्वको सम्बन्ध छ । प्रचण्डले आफूसहित नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीका पनि त्यस ब्यापारीसँग सम्बन्ध रहेको बताएका छन् । विशेषगरी सिंगापुर जाँदा देउवा, ओली र प्रचण्ड तिनै ब्यापारीको घरमा बस्छन् ।

प्रधानमन्त्री प्रचण्डको त्यस्तो स्वीकारोक्तिले केही गम्भीर आशंकालाई पुष्टि गरेको छ । किनकि आठ वर्ष अगाडि नै १४२ अर्व मूल्यांकन भएको एनसेल ६ अर्वमा विक्री भएको प्रकरणमा राजनीतिक नेतृत्वको सम्बन्ध रहेको केही नेताहरूले सार्वजनिक अभिव्यक्ति दिएका थिए । त्यस्तो आशंका गर्नेमा कांग्रेसकै महामन्त्री गगन थापा समेत थिए । राजनीतिक संरक्षण बिना यति ठूलो चलखेल संभव नरहेको थापाको आरोप थियो । अरू कतिपय सांसदले पनि राजनीतिक नेतृत्वको संरक्षण रहेको बताइरहेका थिए । तिनै आशंकालाई बल पुग्नेगरी त्यस ब्यापारीसँग आफूसहित देउवा र ओलीको सम्बन्ध रहेको प्रचण्डले बताएका छन् । यसरी खुलेआम मुलुककै ध्यान तानिएको र शंका गरिएका व्यक्तिसँग मुख्य नेताहरूको सम्बन्ध रहेको खुलेआम देशकै प्रधानमन्त्रीले स्वीकार्नु सामान्य विषय होइन ।

यस्तो अवस्थामा यदि नैतिकता हुन्थ्यो भने प्रधानमन्त्री पदमा रहिरहन नमिल्ने पर्ने हो । किनकि आफूसहितको सम्बन्ध रहेको ब्यापारीमाथि निष्पक्ष छानबीन र आवश्यक निर्णय लिन पनि प्रचण्डले बाटो खुला गरिदिनुपर्ने हो । तर अहिले यो प्रकरणमा आवश्यक निर्णय लिन कानूनी आवश्यकता देखाउनेदेखि प्रचण्डको आश्वासनलाई विश्वास गर्नुपर्ने निर्विल्पक परिस्थितिमा मुलुक देखिन्छ । नागरिक समाजसहित प्रश्न उठाउनुपर्ने क्षेत्रबाट पनि ठूलो दबाव देखिदैन । जबकी देशकै प्रधानमन्त्रीले ती ब्यापारीसँग आफ्नो समेत सम्बन्ध रहेको संसदीय समितिकै रेकर्ड राखिसके । बिगतका निर्णयहरू हेर्दा अब यो विषय सजिलै हल हुने देखिदैन, अझ यही सरकार रहेसम्म त्यस्तो कल्पना समेत कठिन हुन्छ । तर प्रधानमन्त्री प्रचण्डमा कुनै नैतिकता देखाएर मुलुकप्रति गम्भीर घात गरिदैछ । यस्तो बेला आशा भनेको नागरिक पंक्तिप्रति नै हो ।

# कहिले रोकिएला विदेश जाने क्रम ?

अग्लेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

जनगणना २०७८ ले देशमा १५ देखि ३५ वर्ष समूहका युवाको जमात कुल जनसङ्ख्याको ३६ प्रतिशत देखाएको छ । प्लस टु गरेपछि देशभित्र कोही नबस्ने परिवेश सिर्जना हुँदैछ । नपढेकाको पनि विदेशिनेको लर्को कम छैन । देशको उच्च जनशक्ति विदेश भासिनुको अर्थ देश फेरि अर्को समस्यामा धकेलिने नै हो । विदेशिनुमा धेरै कारण हुन सक्छन्, मूलतः २ कारण छन्– 'पुस फ्याक्टर' र 'पुल फ्याक्टर' । गाउँमा मानिस अडिन सकेनन्, गाउँको परिवेश पुस फ्याक्टर भयो, सहरमा रोजगारी, शिक्षा वा स्वास्थ्यका केही सम्भावना देखा परे जो पुल फ्याक्टर भए ।

अब जुन पुस्ता सहर पस्यो त्यो पुस्ता गाउँ फर्कने अवस्था भएन । सहरमा रोजगारीको अभाव, शिक्षा निकै महँगो र स्वास्थ्य पनि आम जनताले धान्न नसक्ने अवस्था भयो, त्यसले फेरि पुस फ्याक्टरकै काम गर्‍यो जसले नयाँ सन्ततिमा विदेश मोह बढ्यो उताको पुल फ्याक्टरले काम गर्‍यो, अर्थात् हाम्रो इकोनोमीभन्दा विदेशको इकोनोमी राम्रो भयो, मूल्यवान भइदियो । भूमि मात्रै राष्ट्रियता हुन्न, त्यहाँको धर्म, संस्कृति, संस्कार र सभ्यता भन्नु समष्टिमा राष्ट्रियता हो । पछिल्ला केही दशक यतादेखि बाँडीचुँडी आफै खाने दाउपेच राजनीतिले देशको राष्ट्रियतामा गम्भिर असर पारेको छ । त्यसैले आम जनशक्ति विदेश मोहित छ । युवा गए विदेश, अभिभावकलाई पनि ताने, सन्तति उतै जन्माए, भत्ता वा ग्रीन कार्ड वा नागरिकताको लोभमा ।

जो विदेश जान सकेनन् ती अभिभावकहरू आफू मरेपछि सन्तान आउलान् भनेर शवको रूपमा घाट जान कुरिरहेका छन्, पहिले आमाबाबुलाई सन्तानले कुर्थे अहिले ठीक उल्टो भएको छ र त तिहारमा चाड मनाउँदा फोटो मात्र हेर्ने दसैंको टिका पनि फोटोमा लाइदिने चलन आयो, अब मलामी वा बिहेको जन्ती नपाइने अवस्था छ देशमा । यसको गम्भिर असर खेतबारीमा परेको छ, उत्पादन नहुँदा आम नेपाली अरुको भिक्षार्थी बन्नु परेको छ, त्यसको असर ठूलो व्यापारघाटा र ठूलै ऋण पनि, देशको अर्थतन्त्र नै चक्रव्यूहमा फसेको छ ।

अब विदेश जानेमा कृषि विज्ञ नै छन्, नर्स छन्, चिकित्सक र इन्जिनियर छन्, विज्ञान भनौं रसायन शास्त्री, भौतिक शास्त्री, चार्टड एकाउन्टेन्ट, जीव विज्ञानमा मास्टर्स गरिसकेका पनि छन् । सरकारी कर्मचारी पनि छन्, एकै वर्षमा १० हजार प्रहरी कर्मचारीले जागिर छोडेका छन् । कलेजमा विद्यार्थीहरू सिला खोज्नु पर्ने अवस्थामा छन्, अधिकांश प्राविधिक जनशक्ति उत्पादन गर्ने कलेजहरू विद्यार्थीबिहीन छन् । जसले वैज्ञानिक जनशक्तिसमेत उत्पादन गर्‍यो त्यो जनशक्तिले आफ्नो प्रतिभा देखाउन नसक्ने भएपछि पलायन त हुने नै भयो । राज्य वा भनौं व्यक्तिको लगानी खेर गएको छ । वैदेशिक रोजगारमा जानेको कर बढाइएको छ, पढ्न जानेको पनि शैक्षिक कर बढाइएको छ । नेतृत्वले जनशक्ति पलायनलाई रोक्ने कार्य योजना ल्याउन सक्दैन बरु तिनलाई पासपोर्ट, भिसा, अनेकानेक कर लगाएर राजस्व असुल्छ । यहाँ रोजगारी पाउने भनेको राजनैतिक रोजगारी मात्रै हो । जनसेवा हुनुपर्ने राजनीति बिना लगानीको उद्योग भएको छ र लाभांश लिने क्रम तीव्रगतिमा बढेको छ । आफन्तहरूका लागि सिट तय गराइने र विरोध भए षड्यन्त्रको गन्ध आयो, लोकतन्त्रप्रति खतरा आयो भन्छन् नेता भन्नेहरू । राजनेतामा हुनुपर्ने गुणका विषयमा तिनको कुनै अध्ययन छैन, हिजो जन्मिएका देश कहाँ पुगे र करोडौं वर्ष अघिदेखिको यो देश कुन खाल्डोमा जाकिँदै छ, भन्न सक्ने अवस्था छैन । मतपत्र मात्रै सुरक्षित राख्ने नेता भनाउँदाहरूले देश र जनताको सुरक्षा गर्न सकेनन् र दैनिक पच्चीस सय तीन हजार संख्याले विमान चढ्दा ती हेरिरहेका छन् अथवा आफ्नै सन्तान पनि विदेश पठाएर यहाँको ढुकुटीमा आफू डकार्दैछन् ।

संस्थागतरूपमा नेपालीहरू १११ देशमा पुगेका छन् भने व्यक्तिगतरूपमा भन्नुपर्दा १७८ देशसम्म फैलिएका छन् । कति त हाल चलिरहेको युद्धमा सामेल छन्, त कति बन्धकमा छन्, कति लास भएर आउँछन्, कति हराउँछन्, यकिन तथ्यांक छैन, कतिले आफूलाई उद्धार गरियोस्, नभए आत्महत्या गर्दैछु भनिदै छन् । यो पंक्ति तयार गर्दा पनि यस्तै समाचार आइरहेको अवस्था छ । चुनाव हुने दिन नै एयरपोर्टको भीडले नयाँ पुस्तालाई चुनावले छुन नसकेको आभास मिल्छ ।



*लामो समयदेखि मुलुकले वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण रकमको भरमा मुलुकको सोधानान्तर स्थिति धाने पनि वैदेशिक रोजगारी भरपर्दो र सुरक्षित छैन । बरू युवाहरूलाई मुलुकभित्रै स्थानान्तरण र रोजगारीका अवसर प्रदान गरी आर्थिक विकासको महायज्ञमा सरिक गराउन सके हाम्रो गरिबी र बेरोजगारीको दीर्घकालीन समाधान हुनसक्छ ।*

अघिल्लो वर्ष विदेशिनेको संख्या ७ लाख ७१ हजार ४२७ मा पुरुष ६ लाख ९९ हजार १९३ र महिला ७२ हजार १३४ रहेको तथ्यांक छ । यीमध्ये १४४ देशमा ४ लाख ९४ हजार २३४ ले नयाँ श्रम स्वीकृति लिएर विदेश गएको तथ्यांक आएको छ, वैदेशिक रोजगार विभाग आफै भन्छ अहिले पनि १४४ देशमा नेपाली श्रमिकहरू छन् । देशमा जब वैदेशिक रोजगार विभाग खडा भयो वा श्रम मन्त्रालय खडा भयो, बोर्ड खडा भयो, विदेश जानेको संख्या वृद्धि भयो, पहिले यस्तो थिएन र विप्रेषणले नै धानेको अर्थतन्त्रमा पर्छ हाम्रो देश, जुन पटककै सुरक्षित छैन । रोजगारीका लागि यति धेरै देशहरू खुला गरे पनि ११ देशका लागि मात्र सरकारले श्रम सम्झौता गरेको बुझिन्छ ।

खाडी देश र मलेसियामै ६५ प्रतिशत नेपाली युवा छन् । विगत १० वर्षमा ५४ लाख ९२ हजार ४०४ जना औपचारिकमै विदेशिँदा खाडी र मलेसिया मात्रै जानेको संख्या ३५ लाख २३ हजार छ । खाडीमा पनि धेरै कतारमा छन्, १० वर्षमा कतार भासिनेको संख्या ९ लाख ४१ हजार ८९७, साउदीको संख्या ७ लाख ७९ हजार ८९८, यु ए ई को संख्या ५ लाख ७५ हजार २०४, कुवेतको संख्या १ लाख ४९ हजार ६२४, ओमनको संख्या ४६ हजार ८५८, मलेसियाको संख्या ९ लाख ९९ हजार ६८२ जनाको देखिएको छ र अनौपचारिकमा जानेको संख्या यहाँ उल्लेख छैन । कोरियामा इपिएस प्रणालीबाट सरकार आफै पठाउँछ र इजरायलमा केयर गिभर भन्दै सरकारले पठाएकोमा हाल इजरायल हमास युद्ध र बन्धकका विषयमा सबै जानकार छन् । धेरै युरोप पनि पुगेका छन् नेपाली, सबै वैद्यरूपमा गएका छैनन् । युरोमा साइप्रस जानेको संख्या गएको ५ वर्षमा १२ हजार २९६, जर्मनीमा २४८, पोर्चुगलमा १ हजार ९५२, माल्टामा १० हजार ३५२, टर्कीमा ४ हजार ३०९, रोमानियामा २४ हजार ६३६, पोल्यान्डमा ८ हजार २४९ छन् ।

विगत एक दशकमा सबैभन्दा बढी गत वर्ष ७ लाख झण्डै ८० हजार नेपालीको विदेशिने क्रम देखिनु भनेको शुभ संकेत हुँदै होइन । रुसी सेनामा भर्ना भएका छ जनाको ज्यान गएको खबर आएको छ हालै । सरकार भन्दैछ अब रसिया र युक्रेनमा मान्छे नपठाउने रे, भोलि इजरायलको कुरा आउला, पर्सि अफगानिस्तान वा पाकिस्तानको कुरा आउला, घटना नघट्दै सोच्नेलाई मात्रै दूरदर्शिता भनिन्छ, यो अदूरदर्शिताको पर्याय हो । म्यानपावर कम्पनी आफै ठगी धन्दामा छन्, अनियमित छ वैदेशिक रोजगारीको काम, दलालको शुल्क चर्को छ । परिवारमा आत्मियता कम हुँदा उतै पीडा खप्न नसकी मृत्युवरण गरिएका घटनाहरू पनि छन् । माल्टामा २५ वर्षीय एक युवाको लास फेला परेको छ भने पोर्चुगलमा एक युवाले आत्महत्या गरे । युरोपियन देश भन्दैमा सुन त कतै फल्दैन श्रम मिहिनेत नगरी पैसा कहाँबाट वर्षन्छ ? भिजन नभएको देशमा हुने समस्या यस्तै हो, बाकसबन्दीमा लास आउनुको के विकल्प छ, अहिलेसम्म कहाँ कहिले र कसले बहस गरेको छ, बरु सबैलाई चिन्ता छ चुनावको र सत्ता खेलको, संयन्त्रहरूमा आफ्नाको पूर्तिको, किन आएन मेलम्ची र किन हवाइ उडानहरू असुरक्षित छन्, किन सडकमा सधैं धर्ना र जुलुस छ, तिनको जो आए सडकमा काम तिनको केही हुन्न कि अरु ?

लामो समयदेखि मुलुकले वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण रकमको भरमा मुलुकको सोधानान्तर स्थिति धाने पनि वैदेशिक रोजगारी भरपर्दो र सुरक्षित छैन । बरु स्वदेशी युवा बेरोजगारहरूलाई मुलुकभित्रै स्थानान्तरण र रोजगारीका अवसर प्रदान गरी आर्थिक विकासको महायज्ञमा सरिक गराउन सके हाम्रो गरिबी र बेरोजगारीको दीर्घकालीन समाधान हुनसक्छ । विगतमा साधन र स्रोतको समानुपातिक वितरण नभएका कारण मुलुकमा गरिबी व्याप्त रहेको देखियो । साधन र स्रोतको समतामूलक र न्यायोचित वितरणमा जोड दिन सके आर्थिक विकासको भरपर्दो आधार तय हुन सक्छ । धनी र गरिबबीच हुने खाडलको दूरी बढ्न दिनु हुँदैन आफैं आफूबीच यसले थप द्वन्द्वलाई समेत निम्त्याउन सक्छ । लामो द्वन्द्वपछि हाल मुलुक शान्तिपूर्ण अवस्थामा पुगेको छ, तथापि मुलुकमा असमान वितरण अझै कायमै छ । प्रदुषणको अवस्था गम्भीर नै छ । पेट्रोलियम पदार्थको नियमित र भरपर्दो आपूर्ति हुनसकेको छैन । विगतको विद्युत लोडसेडिङको मारले आम उपभोक्ताहरू अझै आक्रान्त छन् । आम उपभोक्ताहरूका साथै उद्यमी, व्यवसायी र साना ठूला लगानीकर्ताहरू जोखिममा देखिएका छन् । सीमित वित्तीय समावेशी अवधारणा विद्यमान छ, महँगीको चपेटाले सबैलाई पिरोलेको छ । अनुत्पादक क्षेत्रमा लगानी बढेको छ । शैक्षिक गुणस्तरमा कमी देखिएको छ । विद्यालय, महाविद्यालयबाट उत्पादित जनशक्तिले रोजगारी प्राप्त गर्न सकेका छैनन् । उच्च आर्थिक वृद्धिदर नै आर्थिक विकासको मूल आधार हो । यसका लागि विकसित मुलुकहरूले जलविद्युत, पर्यटन, कृषि प्रशोधन, शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, सडकजस्ता विभिन्न क्षेत्रमा व्यापक लगानी गरेका हुन्छन् गरेका छन् ।

कृषिप्रधान मुलुक हाम्रा पनि सम्भावित क्षेत्रहरू धेरै छन् तर, पनि हामीले ग्रामीण पर्यटन, जलविद्युत, जडिबुटी प्रशोधन, प्रकृति संरक्षण एवम् सम्वर्द्धन, प्राकृतिक तालतलैया, गुफा, पहाड, हिमाल, आदि दृश्यावलोकनका क्षेत्रमा समेत आर्थिक लगानी वृद्धि गरी विकासको मूल आधार गरिबी निवारण र रोजगारी सिर्जनामा थप पहल गर्न सकेका छैनौ । गरिबी र अभावग्रस्त क्षेत्रमा रहेका र मूल प्रवाहबाट पछि परेका जनशक्तिलाई विकासको पूर्वाधार निर्माणमा प्रयोग गर्न सकेका छैनौं । सीपमूलक शिक्षा आर्जन गराएर घरेलु तथा ग्रामीण परिवेशलाई औद्योगिकक्षेत्रमा समाहित गर्न सकिएन । देशमा राजनेताको अभाव भयो ।

## सामाजिक सञ्जाल



**- विष्णु सापकोटा**

तपाईंलाई लाग्छ- नातिनीको विवाह गोकर्णमा गरेको कुराको आलोचनाले प्रचण्डलाई छुन्छ ? मलाई त झन् आलोचना सुनेर उनी खुशी नै भएका होलान् जस्तो लाग्छ । मानिसलाई बुझ्न उसको थोरै मनोविश्लेषण गर्नैपर्छ । विषयलाई उनी सानोमा गरीब र शक्तिहीन हुँदाको मनोविज्ञानबाट हेर्नुपर्ने जस्तो लाग्छ मलाई ।



**- बिमल पोखरेल**

बिचरा माओवादी लडाकुहरू ! प्रचण्डकी नातिनीको राजशाही बिहे हेर्नको लागि बाँचेका रहेछन् । बरु त्यतिबेला मरेको भए शहिदको सूचीमा दर्ता हुन त पाइन्थ्यो । बाँचेको जिउँदो लासभन्दा लडाइँमा मरेको लास शक्तिशाली हुन्छ । बिहेको प्रतिरक्षा गर्ने जिउँदा लासहरूभन्दा दासहरू नै स्वाभिमानी थिए ।



**- पुरुषोत्तम ढुंगेल**

राजनीतिमा जब विदेशी हाबी हुन्छ, त्यसबेला सबैले बुझ्नु पर्ने कुरा यो हो कि राजनीति गलत बाटोमा छ, राजनीति गर्नेहरुले बाटो बिराएका छन् । गलत राजनीति र बाटो बिराएपछि देश र जनतामा नकारात्मक प्रभाव र असर पर्छ, जस्ले गर्दा स्थापित राजनीतिक व्यवस्थाविरुद्ध जनविद्रोह शुरु हुन्छ । मपाईंत्व त्यागौं ।



**- विश्वरसिंह मेवाहाङ**

एक जमाना यस्तो थियो, गोविन्द केसीले जहाँ पाइला टेक्यो त्यो धर्ती पवित्र हुन्थ्यो, जे बोल्यो त्यो अमृतबचन हुन्थ्यो, उनको पछि लाखौं मान्छे हुन्थे । हेर्दाहेर्दै यी मान्छे पतकर भए । यति पतकर भए कि आफै अनसन बस्ने आफै अनसन तोड्ने अवस्थामा पुगे । चिनी धेरै खायो भने यस्तै तितो हुन्छ ।

# क्रान्तिकारी पार्टीको अवधारणा

विचार



● शम्भू कट्टेल

*भएका राजनीतिक पार्टीहरू प्रत्यक्ष वा परोक्षरूपले जनविरोधी र देशघाती भएकाले ती पार्टीहरूको विकल्पमा पुनर्गठन अभियानद्वारा नयाँ पार्टीको खाँचो महसुस गरिरहेका छन् । तर थपिने त्यो नयाँ पार्टी पनि पुरानै पार्टी जस्तो वाक्क पार्ने खालको भएमा नेपाली जनतालाई थप दिक्क पार्ने कुरा निश्चित छ ।*

देशमा रहेका अधिकांश राजनीतिक पार्टीहरू प्रत्यक्ष वा परोक्ष रूपले जनविरोधी र देशघाती भएकाले ती पार्टीहरूको विकल्पमा पुनर्गठन अभियानद्वारा नयाँ पार्टीको खाँचो परेको महसुस गरिरहेका छन् । तर थपिने त्यो नयाँ पार्टी पनि पुरानै पार्टी जस्तो वाक्क पार्ने खालको भएमा नेपाली जनतालाई थप दिक्क पार्ने कुरा निश्चित छ । त्यसैले, थप हुने पार्टीले भैरहेका पार्टीहरूभन्दा गरीब जनताको हितको हिसाबले फरक हुनु जरुरी छ । त्यो फरक कसरी देखाउने भन्ने अहिलेको चुनौति हो ।

कतिपय ठान्दछन् कि पहिले मानिसहरू बटुलेर पार्टी बनेको घोषणा गरिहालौं, पार्टीमा आएकाहरूलाई प्रशिक्षण वा तालिमहरू दिऔं, अनि ति तालिमले घटकहरूलाई फरक वा क्रान्तिकारी बनाउन सकिन्छ । साथै, पार्टीमा फरक मतहरू हुनु स्वाभाविक भएकोले सुरुमै सबै घटक सबै कुरामा क्रान्तिकारी हुनुपर्छ भन्ने जरुरी छैन । अर्काथरि ठान्दछन्, ती घटकहरू सुरुमै कम्तीमा पनि केही क्रान्तिकारी मापदण्डमा सहमत हुनुपर्छ । ती घटकहरू सुरुमै ती न्यूनतम मापदण्डमा सहमत हुनुपर्छ । यो सहमति नगरिएमा पछि पार्टीले क्रान्तिकारी बाटो नलिने, छिट्टै फुट हुने र गरीब जनताले पत्यार गर्न लायकको नहुने हुन्छ ।

क्रान्तिकारी शक्तिहरूले चुनावमा अत्याधिक बहुमत ल्याएर संसद, संविधान, कानून, सेना, प्रहरी, अदालत आदि आफ्नो अनुकुलमा बनाउने विषय सहज छैन । यो तरिकामा लुटतन्त्र कायम राख्न चाहनेहरूबाट आफ्ना देशी तथा विदेशी मित्रहरूको बलमा ठूला बाधा पार्ने र दमन गर्ने काम हुन्छ, सफल भइहाले पनि स्थानीय आधार नहुँदा टिकाउन मुस्कील हुन्छ ।

विश्व विशेषगरी कम्युनिष्टहरुले स्थानीय जनसत्ता निर्माण गरी त्यसको बलमा जनतालाई उठाई ठूला-ठूला परिवर्तन ल्याउने विधि पनि प्रयोग गरिएको पाइन्छ । तथापी, यो विधि पनि कतिपय ठाउँमा असफल भएको र सम्झौतामा टुंगीएको पाइन्छ ।

### क्रान्तिकारी मापदण्ड कस्तो ?

जनताको पक्षमा पार्टीलाई स्थापित बनाउन केही मापदण्डलाई अक्षरस लागु गर्नुपर्ने हुन्छ । नत्र नाममा क्रान्तिकारी भन्ने तर, व्यवहार अन्य जस्तै बन्ने परिस्थिति निर्माण हुन्छ । जसको लागि निम्न कुरामा ध्यान दिइनु आवश्यक छ ।

- सत्ताको नेतृत्व लिन नसक्ने अवस्थासम्म चुनावमा दलगतरूपले भाग नलिने (आवश्यकतानुसार केही ठाउँबाट स्वतन्त्र उम्मेदवार उठाउन सकिने),
- पार्टीलाई निर्वाचन आयोगमा प्रत्यक्ष वा परोक्ष (मातहतका मोर्चाहरूलाई दर्ता गर्नु) कुनै तरिकाले पनि दर्ता नगर्ने,
- पार्टीलाई भूमिगत राख्ने, नेताहरू सार्वजनिकरूपले नचिनिने, पार्टीको वैद्यानिक संघर्ष विभागका केही नेता मात्र पार्टीसँग असम्बन्धितरूपले सार्वजनिक हुने,
- गरीब बस्तीहरूमा स्थानीय जनसत्ता निर्माणमा ध्यान दिने (जसको लागि उत्पादनमा आधारित बैकल्पिक राजनीतिक जनसमितिको निर्माण, उनिहरूबाट जनसंघर्ष/जनप्रतिरोध संघर्ष संचालन जरुरी हुन्छ)
- पार्टीको आर्थिक आधार र नियन्त्रक ती स्थानीय जनसत्ता हुनुपर्ने,
- पार्टी सिद्धान्तनिष्ठ मार्गदर्शक र संघर्षको सञ्चालक हुनुपर्ने । पार्टीले मालेमाको सार्वभौमिक सत्यताहरूलाई अवलम्बन गर्नुपर्ने । पार्टीको अप्रत्यक्ष नेतृत्वमा संघर्ष र वैकल्पिक सत्ता संचालन गर्ने संयुक्त मोर्चा हुनुपर्ने, जसले विभिन्न जनवर्ग, दल, संघ संगठनहरूसँग कार्यगत तथा रणनीतिक सहकार्य गरी स्थानीय जनसत्ताहरू मार्फत ग्रामीण तथा शहरी संघर्षका गतिबिधिहरू संचालन गर्नेछन् ।
- पार्टीले तत्कालको लागि समाजवाद-उन्मुख, देश र जनतामुखी पुँजीवादी नीति लिनुपर्ने जसअन्तरगत आत्मनिर्भर अर्थतन्त्र, न्यायपूर्ण अन्तराष्ट्रिय शक्ति सन्तुलन समेतको बलमा वैदेशिक हस्तक्षेपको अन्त्य, तलब सुबिधा, जमिन वा नाफाहरूमा हदबन्दीको व्यवस्था, गरीब जनताले समानुपातिक हैसियतसहित बाँच्न पाउने अधिकारको कार्यान्यनको ग्यारेन्टी (गरीब जनतालाई जमीन, रोजगारी वा राहत जस्ता बाँच्ने श्रोत साधनहरूमा समानुपातिक पहुंचको व्यवस्था), ठाउँमा समाजवादी अर्थतन्त्रको विकास गर्दै दीर्घकालमा जमीन, बैंक, वीमा, उद्योग व्यवसाय आदिको केहीलाई राष्ट्रियकरण र धेरैको सामुदायीकरण भएको समाजवादी व्यवस्था सञ्चालन गर्ने लक्ष्य लिने,

पार्टी निर्माण गर्दा सबै न्यायप्रेमीहरूसँग कार्यगत एकता, गणतन्त्र चाहनेहरूसँग संघर्ष र जनसत्ता संचालन गर्ने रणनीतिक वा लामो समयको एकता र वैज्ञानिक समाजवाद चाहनेहरूसँग पार्टी एकताको क्रमबाट गुज्रनु उपयुक्त हुन्छ । पार्टीको राजनीतिक नारा, नीति वा कार्यक्रम सार्वजनिक हुनुपर्ने, संघर्षका कार्यक्रम केही नेत्रित्वदायी व्यक्तिहरूलाई मात्र जानकारी हुनु पर्ने हुन्छ । सामुहिक, लोकतान्त्रिक/पारदर्शी, जनस्तरको जीवन शैली भएको, संघर्षमा प्रत्यक्षरूपले भाग लिने, श्रममा भाग लिने, सानो छरितो, नीति-प्रधान नेतृत्व प्रणाली हुनुपर्छ । पार्टीको नीति कार्यक्रम लक्षित गरीब बस्तीहरूबाट अनुमोदित हुनुपर्ने हुन्छ ।

## तपाईंको राशिफल

- मेष : सम्पत्तिमा वृद्धि हुनेछ । स्वास्थ्य गडबड हुने योग छ ।
- वृष : प्रियजनसँग भेट हुनेछ । आध्यात्मिक लाभ मिल्ने योग छ ।
- मिथुन : रुकावट समाप्त हुनेछ । विदेश यात्राको योग छ ।
- कर्कट : नातागोताको सहयोग प्राप्त हुनेछ । स्वास्थ्य राम्रो रहनेछ ।
- सिंह : विरोधी सक्रिय रहनेछन्, तर असफल हुनेछन् । अनावश्यक खर्चको योग छ ।
- कन्या : सावधानी राख्नुपर्छ । अर्कामाथि भरोसा गर्ने समय छैन ।
- तुला : सामाजिक कार्यमा वृद्धि हुनेछ । नाता-गोता सित भेटघाट हुने योग छ ।
- वृश्चिक : नयाँ निवेशको योग छ । जल्दबाजी नगर्नु होला ।
- धनु : पैतृक सम्पत्ति प्राप्तिको योग छ । शान्तिमा वृद्धि हुने योग छ ।
- मकर : धर्मपालनामा रुची देखिन्छ । नयाँ सम्पर्क बढ्नेछ ।
- कुम्भ : अर्कामाथि भरोसा गर्ने समय छैन । विरोधी सक्रिय रहनेछन् ।
- मीन : साथीभाइबीच सुमधुर सम्बन्ध रहनेछन् । सबै कार्यमा धैर्य राख्नुपर्छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

# गौरीशंकरका ४७ भूमिहीन परिवारलाई निस्सा वितरण



**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, ४ पुस

गौरीशंकर गाउँपालिकाका सुकुम्बासीलाई लालपूर्जा वितरण गर्नका लागि निस्सा प्रदान गरिएको छ । राष्ट्रिय भूमि आयोग जिल्ला समिति दोलखाले मंगलबार गौरीशंकर गाउँपालिकाका वडा नम्बर ३, ६, ७ र ८ मा पुगेर भूमिहीन र सुकुम्बासीलाई निस्सा वितरण गरेको हो ।

गौरीशंकर गाउँपालिकाका अध्यक्ष विश्वास कार्की, वडा नं.६ का अध्यक्ष निमासाङे शेर्पा, वडा नं.७ का अध्यक्ष सोनाम शेर्पा, वडा नं.८ का अध्यक्ष दावा रेन्जी शेर्पा, राष्ट्रिय भूमि आयोग जिल्ला समिति दोलखाका अध्यक्ष ललित बहादुर मगर, राष्ट्रिय भूमि आयोग जिल्ला समिति दोलखाका सदस्य रिता रिमाल, नापी कार्यालय दोलखाका प्रमुख सिर्जना कटुवाल, गौरीशंकर गाउँपालिकाका एम आइएस अपरेटर कुसुम कुँवारको उपस्थितिमा ४७ जना भूमिहीन परिवारलाई निस्सा वितरण गरिएको हो ।

जिल्लाका ९ वटा स्थानीय तहमध्ये हालसम्म भीमेश्वर नगरपालिकाका २७ र गौरीशंकर गाउँपालिकाका ४७ जनालाई निस्सा प्रदान गरिएको राष्ट्रिय भूमि आयोग जिल्ला समिति दोलखाका अध्यक्ष ललित बहादुर मगरले बताए ।

त्यस्तै आयोगकी जिल्ला समिति सदस्य रिता रिमालले विभिन्न कागजपत्र र तीनपुस्ते विवरण भर्न छुटेका लाभग्राहीलाई पनि प्रक्रिया पूरा गरेर चाँडै निस्सा वितरण गरिने र निस्सा पाएकाहरुलाई छिट्टै लालपुर्जा वितरण गरिने बताइन् ।

गौरीशंकर गाउँपालिकाका अध्यक्ष विश्वास कार्कीले लामो समयसम्म जग्गा नपाएका सुकुम्बासी नागरिकले निस्सा प्राप्त गरेसँगै लालपुर्जा प्राप्त गर्ने बाटो खुलेकाले पुर्जा प्राप्तिका लागि सहजीकरण गर्ने बताए । भूमि आयोग जिल्ला समिति दोलखाले बाँकी रहेका ७ वटा स्थानीय तहको लगत संकलनको काम भने सकिसकेको छ ।

# भएनन् पुराना एम्बुलेन्स नवीकरण

**चितवन/मस**-राष्ट्रिय एम्बुलेन्स निर्देशका २०७८ मा 'क' र 'ख' वर्ग मात्रैको व्यवस्था गरेपछि विगतमा 'ग' वर्गबाट सञ्चालित एम्बुलेन्स नवीकरण हुनसकेका छैनन् । यसअघि कार्यान्वयनमा रहेको एकीकृत एम्बुलेन्स तथा पूर्व अस्पताल सेवा सञ्चालन निर्देशिका-२०७७ खारेज भएपछि तत्कालीन निर्देशिका अनुरुप सञ्चालनमा रहेका ग वर्गका एम्बुलेन्स नवीकरण हुन नसकेका हुन् ।

संयुक्त एम्बुलेन्स चालक संघ नेपाल (ट्रेड युनियन महासङ्घ)का अध्यक्ष नवराज लामिछानेका अनुसार अहिले नेपालमा सञ्चालनमा रहेका छ हजार एम्बुलेन्समध्ये ९० प्रतिशत 'ग' वर्गका छन् । आठ प्रतिशत 'ख' वर्ग र दुई प्रतिशत 'क' वर्गका छन् । नयाँ निर्देशिका अनुसार ग वर्गको एम्बुलेन्सलाई बिरामी बोक्ने सवारी (प्यासेन्ट क्यारिङ भेइकल) का रूपमा मान्यता दिइएको छ । योसँगै हाल सञ्चालनमा रहेका ग वर्गका एम्बुलेन्स नवीकरण हुन नसकेको लामिछानेले बताए । उनका अनुसार ४० प्रतिशतभन्दा बढी एम्बुलेन्स नवीकरण हुन सकेका छैनन् ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धि सुचना

दोश्रो पटक प्रकाशित मिति : २०८०।०९।०५

तामाङ मल्टि एग्रो कम्पनी प्रा. लि. को मिति २०८०।०८।१० गते सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरि मल्टि एग्रो कम्पनी प्रा. लि. (द नं ३०९१५९) कायम गर्ने गरि मिति २०८०।०९।०१ गते श्री कम्पनी रजिस्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।


# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: MIDDLE EAST STAR GENERAL CONTRCTING CO. (LTD) शहर: JUBAIL
पुर्व स्वीकृत मितिः २०८०/०९/०४ चलानी नं.: ६०२११८०३ L.T. No.: 296806

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Builder | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष १२ गते (28 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | कामदारले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No 1562/079/080
ERAM OVERSEAS PVT. LTD.
Sinamangal-09, Kathmandu, Tel.: 01-4492260
Email: eramoverseas074@gmail.com
Web: www.eramoverseas.com



# मलेसियामा रोजगारको अवसर

कम्पनी : Three Cast (Malaysia) sdn bhd
शहर : Malaysia
पूर्व स्वीकृत मितिः २०८०/०९/०४ चलानी नं.: ६०२११८१२ LT. No.: 296795

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पौष १२ गते (28 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

पाल्ही ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com



# साउदीमा रोजगार

कम्पनी: AL SHARQIYA FAST FOOD RESTAURANT
शहर: SAUDI ARABIA
पुर्व स्वीकृत मिति:२०८०/०९/04 चलानी नं.: ६०२११७९१ LT. No.:296805

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पुष १२ गते (28 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

पिरामिड इन्टरनेशनल इम्प्लाइमेन्ट सर्भिस (प्रा.) लि.
श्रम इजाजत नं. ०५४/०५१/०५२
महाराजगंज, चप्पल कारखाना, लोशाल, काठमाडौं नेपाल, फोन: ०१-४०१७१०७, ४०१७१४१, ४०१७०६३
फ्याक्स: ४०१७०८६, Email: pyramidinter1995@gmail.com / Web: www.pyramidmanpower.com



# मलेसियामा रोजगार

कम्पनी : VIGORPLUS (M) SDN. BHD.
शहर: TAMAN
पूर्व स्वीकृत मितिः २०८०/०९/०४ चलानी नं.: ६०२११७९२ L.T. No.: 296770

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 54 | 0 | स. काममा दक्ष | 1500 | ४२,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० पुष १२ गते (28 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

noon Resources Pvt. Ltd.
Lic. No:1653/080/081
Jawalakhel-13, Lalitpur, Nepal, Tel.: 01-5916778, Mobile No: 9801276191
Email : noonresources@gmai.com,info@noonresources.com/ Website: www.noon resources.com


## PANCHKHAL MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVES

PANCHKHAL, KAVREPALANCHOK
BAGMATI PROVINCE, NEPAL

### Invitation for Bids

**Date of publication: 2080/09/05**

1. Panchkhal Municipality invites electronic bids from Nepalese eligible bidders for the deep boring works (as mentioned in the table below) under National Competitive Bidding procedures.

| S. N. | IFB NO. | Description of work | Estimated Amount (with VAT& PS ) NRs | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|---|
| 1 | PMW6/NCB/WORKS/ 03/2080/081 | PIPALTAR COMMUNITY BUILDING (TRUSS) AND PIPALTAR TEMPLE WALL CONSTRUCTION | 23,71,719.11/- | 55,000/- | 3,000/- |

| code | Name of the bank, office account no | Time and place for Pre-bid meeting | Last date for bid submission | Bid opening date | Bid/ Bid security Validity period (days) |
|---|---|---|---|---|---|
| Office code 30-365-15 Rajashwa Shirshak no. 11691 | Nepal Bank ltd., Panchkhal Branch 12403000001001000001 (ग१.१ पाँचखाल न.पा., आन्तरिक राजश्व खाता) (for bid fee) 12403000003000000001 (for bid security) धरौटी खाता | Panchkhal Municipality Office at 2:00 PM, 2080/09/25 | on or before 12:00 Noon on 2080/10/07 | 2080/10/07at 1:00 PM, at the office of Panchkhal Municipality. | 90/120 |

2. Eligible Bidders may obtain further information at the office of Panchkhal Municipality, Panchkhal, panchkhal.municipality@gmail.com, 011499453 or may visit PPMO website www.bolpatra.gov.np/egp.


# UAE र SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL TANMYAH SERVICES L.L.C. शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०३/०३ चलानी नं.: ६०२०२७९६ L.T. No.: 287440 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 20 | 142 | सम्बन्धित काममा दक्ष | 900 | ३२५४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard - Sira | 169 | 50 | | 1200 | ४३३९२ | | | | | | | |

२. कम्पनी : EMIRATES NATIONAL FACILITIES MANAGEMENT L.L.C. शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०६/०७ चलानी नं.: ६०२०८०९८ L.T. No.: 292954 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner | 0 | 36 | सम्बन्धित काममा दक्ष | 900 | ३२५४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Male Cleaner | 141 | 0 | | 800 | २८९२८ | | | | | | | |
| 3. | Porter | 100 | 0 | | 850 | ३०७३६ | | | | | | | |
| 4. | Service Assistant | 105 | 0 | | 1200 | ४३३९२ | | | | | | | |

३. कम्पनी : IMTIAZ AL ARABIA CO. शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८०/०९/०३ चलानी नं.: ६०२११८५३ L.T. No.: 296622

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Store Worker | 1 | 0 | स. काममा दक्ष | 1600 | ५६,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० पौष १२ गते (28 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AKP Gov. Lic. No. 712/064/065
AIR KINGS PLACEMENT PVT. LTD.
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196



# साउदी र कतारमा वैदेशिक रोजगार

कम्पनी: Al-Bayan International Foundation for Operation and Maintenance शहर: Riyadh
पुर्व स्वीकृत मितिः २०८०/०९/०४ चलानी नं.: ६०२११७७५ L.T. No.: 296765

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | स. काममा दक्ष | 1100 | ३८,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Hossam Nasser Bin Obaid Al Balawi Restaurant For Serving Meals शहर: Riyadh
पुर्व स्वीकृत मितिः २०८०/०९/०४ चलानी नं.: ६०२११७७८ L.T. No.: 296734

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 3 | 0 | स. काममा दक्ष | 1100 | ३८,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: AG Leaves Trading Gamp; Agricultural Solutions शहर: Qatar,Doha
पुर्व स्वीकृत मितिः २०८०/०९/०४ चलानी नं.: ६०२११७७९ L.T. No.: 296735

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor Services | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant | 1 | 0 | | 1200 | ४३,७०४ | | | | | | | |

कम्पनी: Efficiency Operations Group for Contracting is a one person company शहर: Jeddah
पुर्व स्वीकृत मितिः २०८०/०९/०४ चलानी नं.: ६०२११७७६ L.T. No.: 296733

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० पौष १२ गते (28 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1251/074/075
Al Taaz International Pvt. Ltd.
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np



# ओमन र साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: SERIOUS EATING COMPANY LIMITED शहर: Riyadh
पुर्व स्वीकृत मितिः २०८०/०९/०४ चलानी नं.: ६०२११८१४ L.T. No.: 296702

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१. कम्पनी: SERIOUS EATING COMPANY LIMITED शहर: Riyadh
पुर्व स्वीकृत मितिः २०८०/०९/०४ चलानी नं.: ६०२११८१५ L.T. No.: 296685

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DECOR WOOD WORKER | 1 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ४४८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | DECOR WOOD WORKER (GENERAL) | 1 | 0 | | 130 | ४४८५० | | | | | | | |
| 3. | Decoration Worker | 1 | 0 | | 130 | ४४८५० | | | | | | | |
| 4. | Stone Sculpture | 1 | 0 | | 150 | ५१७५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पौष १२ गते (28 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं: ३१८/०५९/०६०
अल-जाफर ईन्टरनेशनल प्रा. लि.
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com



# बहराइनमा रोजगारको अवसर

कम्पनी: ALDALEEM MARINE SERVICES WLL.
शहर: Bahrain
पूर्व स्वीकृत मितिः २०७९/०७/२३ चलानी नं.: ६०१९०७२१ L.T. No.:275052 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder | 1 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४२,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Fabricator | 5 | 0 | | 120 | ४२,२७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष १२ गते (28 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

